मजदुर
The Worker Daily दैनिक
❍ ग्राहक बन्नु परेमा
❍ नवीकरण गर्नु परेमा
❍ पत्रिका नियमित नआएमा
❍ वितरकहरूसँग नगदी रसिद
बिना कारोबार नगरिदिनुहोला ।
मजदुर दैनिक
नगाँचा, कमलविनायक, भक्तपुर
लक्ष्मण तचामो
मो.नं. ९८०३६८७३२३

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com



विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९

वर्ष : २६ ★ अङ्क : ११० ★ ने. सं. ११४४ बछला थ्व, पञ्चमी ★ आइतबार ★ ३० वैशाख, २०८१ ★ May 12, 2024, Sunday ★ मूल्य रु. ५।- ★ पृष्ठ ८

## कम्युनिस्ट नामले होइन कामले हुनुपर्छ




भक्तपुर, २९ वैशाख । “क्रान्तिबिना कामदार जनताको राज्य सत्ता नआउने मानव समाजको इतिहासको अध्ययनबाट थाहा हुन्छ । श्रमिकको राज्य सत्ता अर्थात् समाजवादी व्यवस्थामा मात्र श्रमको कदर हुन्छ । यसको लागि मजदुर र किसानहरू सङ्गठित भएर क्रान्तिको परिस्थिति तयार गर्नुपर्ने हुन्छ ।”

उक्त भनाइ नेपाल मजदुर किसान पार्टीका सचिव एवं सांसद प्रेम सुवालले विश्व सर्वहारावर्गका महान् गुरु कार्ल मार्क्सको २०६ औं जन्म दिवसको अवसरमा आयोजित प्रवचन कार्यक्रममा राख्नुभएको हो । उहाँले देशका उद्योग कलकारखानाहरू निजीकरण गरी ध्वस्त बनाएको उल्लेख गर्दै स्वदेशमा नै उत्पादनमा ध्यान दिनुको सट्टा कमिसनको लोभमा परी भारतबाट आयात गरिरहेकोले देश परनिर्भर भइरहेको हो भन्नुभयो ।

स्वदेशी जनताको पुँजी परिचालन नगरी विदेशी पुँजी लगानी गर्ने, नेपाली युवाहरूलाई विदेशीको दास र नोकर बनाउनुले सरकार विदेशी दलाल साबित भएको उल्लेख गर्दै सचिव सुवालले कर्मचारीहरूलाई तलब खुवाउन नसक्नु आर्थिक सङ्कटको लक्षण हो भन्नुभयो । सरकारले सन् १९५० को असमान सन्धि खारेज गर्नुपर्ने आवश्यकता औंल्याउँदै उहाँले सीमा अतिक्रमणको विरोध नगर्नु र भारतीय एकाधिकार पुँजीमा फस्नु भनेको सरकार भारतीय दलाल साबित हुनु हो भन्नुभयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका वैकल्पिक केन्द्रीय सदस्य एवं भक्तपुर नगर समितिका अध्यक्ष नारायणबहादुर दुवालले कार्ल मार्क्सको जीवनीको चर्चा गर्दै असल र इमानदार कार्यकर्ताहरूले सङ्कटको समयमा पनि विचलित नभई साथ दिइरहनुपर्नेमा जोड दिनुभयो ।

नेपाल मजदुर किसान पार्टी २ वडा समितिका अध्यक्ष रत्नकाजी नायभारीको सभापतित्वमा सम्पन्न कार्यक्रममा नेपाल मजदुर किसान पार्टी भक्तपुर नगर समितिका लक्ष्मीभक्त लासिवाले कम्युनिस्टहरू अन्धविश्वासी नहुने उल्लेख गर्दै देश र जनताको सेवालाई आफ्नो धर्म ठान्छन् भन्नुभयो ।

प्रवचन कार्यक्रममा जीपी लासिवाले विश्वका घटनाहरूलाई द्वन्द्ववादी दृष्टिले हेर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

## चीनका राष्ट्राध्यक्ष सी चिनफिङ

## युरोपको भ्रमणबारे चिनियाँ परराष्ट्रमन्त्रीको भनाइ

पेइचिङ, ११ मे (सीआरआई) । मे ५ देखि १० का दिनसम्म चीनका राष्ट्राध्यक्ष सी चिनफिङले फ्रान्स, सर्बिया र हङ्गेरीको राजकीय भ्रमण गर्नुभएको छ । यो भ्रमणपछि चिनियाँ कम्युनिस्ट पार्टी केन्द्रीय समितिको राजनीतिक ब्यूरोका सदस्य एवम् परराष्ट्रमन्त्री वाङ यीले यो भ्रमणको बारेमा विस्तृत जानकारी दिनुभएको छ ।

मन्त्री वाङ यीका अनुसार, ग्रीष्म ऋतुको सुरुमा राष्ट्राध्यक्ष सीले सन् २०२४ को पहिलो भ्रमण सुरू गर्नुभयो । पाँच दिन र ५ रातिमा उहाँले ३ देशका ४ क्षेत्रको भ्रमण गर्नुभयो । सो अवसरमा ३० भन्दा बढी कार्यक्रमले द्विपक्षीय र बहुपक्षीय वार्ता र राजनीतिक तथा आर्थिक विषय समेटेका छन् । त्यसमा औपचारिक राजकीय कार्यक्रम पनि छ, अनौपचारिक ‘टाई नलगाउने’ अवस्थाको हार्दिक आदानप्रदान पनि छ । व्यापक रणनीतिक वार्ता पनि छ, मन जोड्ने कुराकानी पनि छ । सबै तीन देशहरूले यो भ्रमणमाथि उच्च महत्त्व दिँदै सर्वोच्च स्वागत र सत्कार सौजन्य गरेका छन् ।



१. दौत्य सम्बन्ध स्थापना भएको प्रारम्भिक इच्छाको पालना गरी चीन र फ्रान्सको सम्बन्धको उत्तराधिकार र विकास गरेको छ ।
२. ‘बलियो मित्रता’ को निरन्तरता दिँदा नयाँ युगमा चीन र सर्बिया भाग्य समुदायको निर्माण सुरु गरेको छ ।
३. परम्परागत मित्रतालाई दृढ पारेर चीन र हङ्गेरीको सम्बन्धलाई ‘स्वर्ण मार्ग’ मा प्रवेश गर्न नेतृत्व गरेको छ ।
४. सही धारणालाई आकार दिँदा चीन र युरोपबिच साझेदारी सम्बन्धको सही स्थितिको पालना गर्न नेतृत्व गरेको छ ।
५. ठुलो मुलुकको जिम्मेवारी देखाउँदा विश्व शान्तिका लागि चिनियाँ योजना प्रस्तुत गरेको छ ।

भ्रमणमा राष्ट्राध्यक्ष सीले युरोपका नेतागणसँग युक्रेन सङ्कट, प्यालेस्टिन र इजरायलको भिडन्तलगायत क्षेत्रीय र अन्तर्राष्ट्रिय तातो मामिलाबारे गहिरोरूपमा वैचारिक आदानप्रदान गर्नुभयो ।

त्यसका साथै प्रथम महिला कूटनीति पनि यो भ्रमणमा मुख्य आकर्षण बनेको मन्त्री वाङले बताउनुभएको छ ।

### “स्वर्ण मार्ग” मा प्रवेश भएको चीन-हङ्गेरी सम्बन्धद्वारा नयाँ मौकाको स्वागत

त्यसैगरी चीनका राष्ट्राध्यक्ष सी चिनफिङले हङ्गेरीको राजकीय भ्रमण गर्दाका दौरान दुई मुलुकका नेताहरूले संयुक्त वक्तव्य प्रकाशित गर्दै चीन-हङ्गेरी सम्बन्धलाई चौतर्फी रणनीतिक साझेदारी सम्बन्धमा नवयुगीन समग्र-मौसमको चौतर्फी रणनीतिक साझेदारी सम्बन्धको रूपमा माथि उकास्ने घोषणा गर्नुभयो ।

चालू वर्ष चीन र हङ्गेरीबिच दौत्य सम्बन्ध स्थापनाको ७५ औं वार्षिकोत्सव हो । ७५ वर्षयता दुई मुलुकले पारस्परिक विश्वास र मद्दत दिएर साझा विजयको सहयोग गरेका छन् । कोरोना महामारीका बेला चीनले हङ्गेरीलाई धेरै महामारी प्रतिरोधी सामग्री प्रदान गरेको थियो । हङ्गेरीले धेरैपटक चीनको केन्द्रीय हितको संरक्षण गर्ने कुरा व्यक्त गरेको छ । हङ्गेरी पनि चीनसँग ‘बेल्ट एन्ड रोड’ सहयोगात्मक दस्तावेजमा हस्ताक्षर गरेको पहिलो युरोपेली मुलुक हो । वास्तविकताबाट प्रमाणित गरिएअनुसार, चीन र हङ्गेरीको सम्बन्ध इतिहासमा सबैभन्दा राम्रो अवधिमा प्रवेश भएको छ ।

बाँकी पृष्ठ ८ मा

## पुँजीवादी व्यवस्थामा भ्रष्टाचार छायाँजस्तै हुने

काठमाडौं, २९ वैशाख । सत्तापक्ष र प्रमुख प्रतिपक्ष जिम्मेवारीहीन हुँदा देश र जनताको हितमा संसद्को बैठक हुन सकेन । दिनहुँजसो अवरुद्ध हुँदै छ । गृहमन्त्री रवि लामिछानेमाथि बुटवलको सुप्रिम र पोखराको सूर्यदर्शन सहकारीको बचत हिनामिना गरेको आरोप छ । नेपाली काङ्ग्रेसले गृहमन्त्री लामिछानेविरुद्ध संसदीय छानबिन समिति गठन गर्नुपर्ने र नबनेसम्म संसद्को काम-कारबाही अगाडि बढ्न नदिने दोहोऱ्याउँदै छ । सत्तारुढ दलहरू भने संसदीय छानबिन समिति गठन गर्न नदिने दाउमा छन् । यसरी शासक दलहरूले संसद्लाई बन्धक बनाउँदै छन् ।

वैशाख २८ गते संसद्को तेस्रो अधिवेशनको पहिलो बैठकमा नेपाली काङ्ग्रेसका सांसदहरूले सभामुखको अगाडि गएर नाराबाजी गरे । काङ्ग्रेस सांसदहरूले बेलमा गृहमन्त्री लामिछानेविरुद्ध सहकारी ठगीको आरोप लगाई ‘सहकारी ठगलाई कारबाही गर !’, ‘सहकारी पीडितलाई न्याय दे !’, ‘संसद्मा जबरजस्ती गर्न पाइँदैन !’ जस्ता नारा लगाए । अवरोधपछि दुवै सदनको बैठक जेठ १ गतेको लागि स्थगित गरियो । काङ्ग्रेसले यसअघिको संसद् अधिवेशनदेखि नै छानबिन समिति गठन गर्नुपर्ने माग गर्दै संसद्को दुवै सदन अवरोध गर्दै आएको हो ।

गृहमन्त्री लामिछाने आफूले ऋण नलिएको दाबी गर्दै भन्छन्, “संसदीय छानबिन समितिको त कुरा के भो र मैले ऋण मागेको कागज छ भने प्रमाण देखाउनुहोस्, मेरो चुनौती भयो । ऋण मागेको कुनै प्रमाण भेटिए राजनीति छोड्दिन्छु ।” तर, उनले ऋण लिएर सहकारीको बचत अपचलन गरेको सञ्चार माध्यममा प्रकाशित भइरहेको छ ।

काङ्ग्रेसले लामिछाने आफैंले फाराम भरेर ऋण लिएको प्रमाण प्रहरीले नै सङ्कलन गरेको दाबी गर्दै छ । सहकारीको करोडौं अपचलन हुँदा पनि अभियोजन, अनुसन्धान केही नभएको काङ्ग्रेसको आरोप छ । हुन त काङ्ग्रेस दूधले नुहाएको पार्टी होइन । भ्रष्टाचारको मूल जरो नै काङ्ग्रेस हो । लाउडा काण्ड, धमिजा काण्ड, ललिता निवास काण्ड, नेपालीलाई भुटानी शरणार्थी बनाएको काण्ड, टेरामक्स काण्ड, वाइडबडी काण्डले काङ्ग्रेस भ्रष्टाचारमा संलग्न भएको देखाउँछ । नेका, एमाले, माओवादीलाई फेरि चुनावमा प्रतिनिधि नबनाउने नारा दिएर आएको रास्वपा एमाले र माओवादीसँगै सरकारमा सहभागी भयो । प्रम दाहाल विद्युत् प्राधिकरणमा कुलमान घिसिङलाई अर्बौं रूपैयाँ भ्रष्टाचार गराइरहेको समाचार छ । केपी ओलीको पनि ‘गिरीबन्धु टी स्टेट’, ‘गोकर्ण रिसोर्ट’ काण्डमा नाम जोडिएको समाचार छ ।

संसद्को राज्य व्यवस्था तथा सुशासन समितिको बैठकमा २०८० चैत १४ गते प्रहरी महानिरीक्षक वसन्त कुँवरले सहकारी ठगी प्रकरणमा गृहमन्त्री रवि लामिछानेविरुद्ध ठाडो उजुरी मात्रै परेको र तथ्य प्रमाण नभएको बताए । महान्यायाधिवक्ता कार्यालयले लामिछानेविरुद्ध अदालतमा कुनै उजुरी मुद्दा नरहेको पत्र दियो । तर, रूपन्देहीको प्रहरी अनुसन्धानले सुप्रिम सहकारीबाट रविको नाममा गोर्खा मिडिया नेटवर्कको खातामा २ करोड रूपैयाँ कर्जा प्रवाह भएको देखायो । पोखरा महानगरले गठन गरेको छानबिन समितिले पनि लामिछाने आफैंले माग फाराम भरेर सहकारीबाट रकम लिएको प्रमाणसहित प्रतिवेदन बुझायो ।

जितेन्द्रबाबु (जीबी) राई अध्यक्ष रहेको गोर्खा मिडिया नेटवर्क प्रालिमा लामिछाने प्रबन्ध निर्देशक भएको बेला सूर्यदर्शन सहकारीबाट ३० करोड रूपैयाँ सारिएको तमसुक भएको र लामिछाने स्वयम्को नाममा खाता खोलेर सहकारीबाट एक करोड रूपैयाँ ऋण निकालेको प्रमाण पनि पोखरा महानगरको छानबिन समितिले फेला पारेको समाचार छ । महानगरको प्रतिवेदनलाई सिद्ध गर्न प्रहरी अनुसन्धानको प्रतिवेदनले कारोबारको विवरणसमेत पेस गऱ्यो । १८ हजार ७ सय बचतकर्ता रहेको सूर्यदर्शन सहकारीको १ अर्ब ३५ करोड रकम अपचलनमा गत वर्ष मुद्दा दायर गर्दा प्रहरीले योजनाबद्ध रूपमा लामिछानेलाई छुटाएको प्रमुख प्रतिपक्ष काङ्ग्रेसको आरोप छ ।

बाँकी पृष्ठ ८ मा

डढेलो नियन्त्रण गरौं, वातावरण जोगाऔं ।

डढेलोले,
➢ वनमात्र नभई जैविक विविधता र सम्पदा पनि नष्ट गर्दछ,
➢ वातावरणीय प्रदूषण बढाउँछ,
➢ भू-क्षय बढाउँछ,
➢ पानीको मूल सुकाउँछ,

त्यसैले,
वन पैदावारको संकलन तथा खेती किसानीमा आगोको प्रयोग गर्दा सावधानी अपनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# रातो मछिन्द्रनाथ रथ तान्न सुरू



ललितपुर, २९ वैशाख । वर्षा र सहकालका देवता मानिने रातो मछिन्द्रनाथको रथ तान्न शनिबारबाट सुरू भएको छ ।

पुलचोकमा निर्माण गरिएको रथ शनिबार बाजागाजासहित ग:बहाल पुऱ्याइनेछ । रथ निर्माण वैशाख १२ गतेबाट सुरू भएको थियो भने वैशाख २७ गते मच्छेन्द्रनाथलाई रथारोहण गराइएको थियो ।

रातो मछिन्द्रनाथको रथलाई अहिले ललितपुर महानगरपालिकाबाट ग:बहालतर्फ लगिएको छ । रथलाई पाटनका सबै टोल घुमाएपछि असार शुक्ल चौथीमा जावलाखेल पुऱ्याएर अन्तिम दिन भोटो देखाई अन्त्य गर्ने चलन छ ।

रथ यात्रा हेर्नको लागि ललितपुर महानगरपालिकाका नगर प्रमुख चिरिबाबु महर्जनको निमन्त्रणामा युरोपेली युनियन, फ्रान्स, इजरायल, नर्वे, दक्षिण कोरिया, स्वीजरल्यान्ड, थाइल्यान्ड, संयुक्त अधिराज्यलगायत देशका राजदूत र विश्व बैङ्क, युनिसेफ, यूएसएआईडी, एसियाली विकास बैङ्कलगायत निकायका प्रतिनिधिहरू सहभागी हुनुहुन्छ ।

# भक्तपुरमा परियत्ति शिक्षा पुरस्कार वितरण सम्पन्न




भक्तपुर, २९ वैशाख । ने.सं. ११४४ बछलाथ्व चतुर्थी (२०८१ वैशाख २९ गते) शनिबार अखिल नेपाल भिक्षु महासङ्घबाट सञ्चालित नेपाल बौद्ध परियत्ति शिक्षा, मुनि परियत्ति शिक्षा केन्द्र भक्तपुरमा परियत्ति शिक्षा उत्तीर्ण विद्यार्थीहरूलाई प्रमाणपत्र तथा पुरस्कार वितरण कार्यक्रम सम्पन्न भयो ।

भिक्षु बुद्धरत्न महास्थविर र भक्तपुर नगरपालिका वडा नं. ७ का वडाध्यक्ष उकेश कवांको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा भिक्षु महास्थविरले शील प्रदान गर्नुभयो ।

अतिथि उकेश कवांले नैतिक शिक्षाको आवश्यकताबारे बताउनुभयो ।

# विद्यालय कर्मचारीलाई दरबन्दीमा कायम गराउन माग

काठमाडौँ, २९ वैशाख । विद्यालय कर्मचारीलाई दरबन्दीमा कायम गराउने विषयमा सरकारसँग भएको सहमति कार्यान्वयन नभएकोमा नेपाल विद्यालय कर्मचारी परिषद्ले चिन्ता व्यक्त गरेको छ ।

परिषद्को चौथो राष्ट्रिय भेलाको अवसरमा शनिबार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयसँग भएको सहमति कार्यान्वयनका लागि सरकारलाई ध्यानाकर्षण गराएको हो । गत जेठ ५ गते राष्ट्रपतिबाट चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गर्दा बुँदा नं १७ मा 'सामुदायिक विद्यालयका कार्यरत विद्यालय कर्मचारीको सेवा सुविधा सम्बोधन गरिनेछ' भन्ने उल्लेख भएकोमा बजेट प्रस्तुतिको क्रममा सो कार्यक्रम हटाइएको थियो ।

विद्यमान शिक्षा ऐनमै विद्यालय कर्मचारीलाई दरबन्दीमा राख्न व्यवस्था भए पनि हालसम्म कार्यान्वयन नहुनु दु:खद पक्ष हो ।

सर्वोच्च अदालतको २०६७ माघ २३ को आदेशमा कर्मचारीको सेवा, सर्त, सुविधा उल्लेख गरी कार्यान्वयन गर्न भने पनि कार्यान्वयन भएको छैन । हाल विद्यालयका लेखापालले मासिक रु. १३ हजार पाँच सय र कार्यालय सहायकले रु. आठ हजार पारिश्रमिक पाउँदै आएका छन् ।

कार्यक्रममा शिक्षाका विषयमा कलम चलाउँदै आउनुभएका राससका प्रकाश सिलवाल, खबरएजुकेसन डटकमका लक्ष्मीप्रसाद ढकाल, एजुकेशन प्लस डटकमका रमेश लामिछाने र हिमाल प्रेस डटकमका रमेश दवाडीलाई सम्मान गरिएको थियो ।

# सुलेखन तालिम सम्पन्न



भक्तपुर, २९ वैशाख । कमलविनायक बचत तथा ऋण सहकारी संस्था लि. को आयोजनामा १५ दिने सुन्दर अक्षर लेखन अर्थात् सुलेखन तालिम सम्पन्न भयो ।

५ कक्षादेखि १० कक्षासम्मका विद्यार्थीहरूलाई लक्षित उक्त तालिमका प्रशिक्षक सुरज दिदियाले तालिमपश्चात् विद्यार्थीहरूले निरन्तर सुलेखन गर्नुपर्ने, लेखिसके, जानिसके अब आवश्यक बेलामा लेख्छु भन्ने प्रवृत्ति विद्यार्थीहरूले राख्न नहुने बताउनुभयो ।

तालिमको समाप्तिसँगै यस संस्थाका सल्लाहकार तथा विद्यार्थी निकेतन विद्यालयका प्र.अ. न्हुछेबहादुर खाताखोले विद्यार्थी परामर्श कक्षा सञ्चालन गर्नुभयो । उहाँले परामर्श कार्यक्रमले विद्यार्थीहरूले सही दिशा र निर्णय लिन सजिलो हुने बताउनुभयो ।

# चेतनामूलक आत्मरक्षा तथा सुरक्षित इन्टरनेट प्रयोगसम्बन्धी तालिम सम्पन्न

बनेपा, २९ वैशाख । बनेपा नगरपालिका वडा नं १३ को आयोजनामा बालिकाहरूका लागि तीनदिने चेतनामूलक आत्मरक्षा र सुरक्षित इन्टरनेट प्रयोगसम्बन्धी क्षमता अभिवृद्धि तालिम शुक्रबार सम्पन्न भयो ।

कार्यक्रममा तालिम प्रशिक्षक एवम् बाल अधिकारकर्मी सुबोध धिमालले सुरक्षित इन्टरनेट प्रयोगसम्बन्धी बालिकाहरूलाई जानकारी प्रदान गर्नुभएको थियो । कार्यक्रमको दोस्रो र तेस्रो दिन आत्मरक्षासम्बन्धी प्रशिक्षक, खेलाडी एवम् सामाजिक अभियन्ता पदमा खयरगोली (श्रेष्ठ), प्रशिक्षक एवम् खेलाडी रवीन्द्र श्रेष्ठ तथा प्रशिक्षक एवम् खेलाडी मन्दिरा शाक्यले बालिकाहरूलाई आत्मरक्षा भनेको के हो, कसरी आफूलाई सुरक्षित राख्न सकिन्छ भन्नेबारे सैद्धान्तिक एव्म प्रयोगात्मकरूपमा प्रशिक्षण दिनुभएको थियो ।

कार्यक्रमको अध्यक्षता वडा नं १३ का वडा अध्यक्ष रामलाल दुवालले गर्नुभएको थियो ।

कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत भोलाप्रसाद चापागाईले आफूले सिकेका कुराहरूलाई आफ्नो विद्यालय, घर र समुदायमा पनि सिकाउन पर्ने बताउनुभयो । कार्यक्रममा प्रशिक्षार्थीहरूलाई प्रमाणपत्र र प्रशिक्षकहरूलाई मायाको चिनो प्रदान गरिएको थियो ।

समापन मन्तव्य राख्दै वडा अध्यक्ष रामलाल दुवालले आगामी दिनहरूमा पनि यस्ता कार्यक्रम आयोजना गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

# महिलालाई आत्मनिर्भर बनाउन सवारीचालक तालिम

मुग्लिन (चितवन) २९ वैशाख (रासस) । चितवनको कालिका नगरपालिकाले महिलालाई आत्मनिर्भर बनाउन सवारीचालक तालिम प्रदान गरेको छ ।

सीपमूलक कार्यक्रम प्रवर्द्धन गर्ने नीतिअनुसार नगरका ६५ महिलालाई १५ दिने तालिम दिइएको हो ।

शनिबार तालिमको समापन गर्दै नगर प्रमुख विनोद रेग्मीले महिलालाई आत्मनिर्भर बनाउने उद्देश्यले दिइएको तालिममा सहभागी महिलाहरूले सिकेको सीपलाई व्यवहारमा उतार्ने विश्वास व्यक्त गर्नुभयो ।

उहाँले नगर क्षेत्रका नागरिकमा सीपको विकास नभएसम्म समृद्ध कालिका निर्माण हुननसक्ने भएकोले नगरपालिकाले सीपमूलक कार्यक्रम सञ्चालन गर्दै आएको र त्यसमा महिलालाई प्राथमिकतामा राखेको बताउनुभयो ।

"हरेक क्षेत्रमा महिलालाई अघि बढाउनुपर्छ भनेर हामीले विभिन्न सीपमूलक तालिम दिइरहेका छौँ, जसले महिलालाई आत्मनिर्भर बन्न सघाउ पुगेको छ । त्यही क्रममा व्यावसायिक चालक बन्न प्रेरित गर्ने उद्देश्यले यो तालिम सञ्चालन गरिएको हो र आगामी दिनमा यस्तै थप तालिम सञ्चालन गर्ने छौँ", नगर प्रमुख रेग्मीले भन्नुभयो ।

# बाँकेको जमुनाहा नाका बन्द

खजुरा (बाँके), २९ वैशाख । बाँकेको नेपाल-भारत जमुनाहा नाका तीन दिनका लागि बन्द गरिएको छ ।

भारतको उत्तरप्रदेशस्थित बहराइच जिल्लामा वैशाख ३१ गते हुने लोकसभा निर्वाचनको लागि सीमा नाका शुक्रबार राति १० बजेदेखि तीन दिनका लागि बन्द गरिएको जिल्ला प्रशासन कार्यालय बाँकेले जनाएको छ ।

सहायक प्रमुख जिल्ला अधिकारी जोरासिंह माझीका अनुसार खुला सीमाका कारण बढ्न सक्ने सुरक्षा चुनौतीका कारण नाका बन्द गरिएको हो । नाका बन्द रहेका बेला एम्बुलेन्सलगायत अत्यावश्यक सेवालाई दुवै देशका सुरक्षाकर्मीको समन्वयमा कुनै अवरोध नहुने उहाँले बताउनुभयो ।

निर्वाचनलाई लक्षित गरेर दुई देशका सीमा क्षेत्रमा मदिराको बेचबिखन र सेवनमा समेत रोक लगाइएको छ । लोकसभा निर्वाचनलाई दशगजा क्षेत्रमा दुवै देशका सुरक्षाकर्मीले संयुक्त रूपमा गस्ती गर्दै आएका छन् ।

# एभरेस्ट स्कूलद्वारा नवआगन्तुक विद्यार्थीलाई स्वागत

भक्तपुर, २९ वैशाख । एभरेस्ट इङ्गलिश स्कूल भक्तपुर २ मिवाछेँ ब्यासीले शनिबार फ्रेसर्स वेलकम (नवआगन्तुकलाई स्वागत) कार्यक्रम गरेको छ । नयाँ शैक्षिक सत्रमा भर्ना हुन आएका विद्यार्थीको स्वागतमा सो कार्यक्रम गरिएको हो ।

कार्यक्रममा स्कूलका संस्थापक प्रिन्सिपल भक्त राजभण्डारीले स्कूलका विविध विषयहरूमा जानकारी गराउँदै स्कूलका सञ्चालक, शिक्षक, कर्मचारी, चालक, आया, इलेक्टिसियन, प्लम्बरलगायतका सम्पूर्ण कर्मचारीहरूको परिचय गराउनुभयो ।

जानकारीअनुसार हाल स्कूलमा एक हजार दुई सय २९ विद्यार्थीहरू अध्ययनरत छन् । त्यहाँ शिक्षक तथा कर्मचारी गरी एक सय ५० भन्दा बढी स्टाफहरू छन् ।

पहिलोपटक भक्तपुरको झौखेलमा २०३९ सालबाट सुरु भएको सो स्कूलले २०५२ सालबाट एसईईमा सहभागी गराउन थालेको थियो । स्कूलबाट दुई हजार पाँच सय ६३ जनाले एसईई उत्तीर्ण गरिसकेको जनाइयो ।

कार्यक्रमको उद्घाटन राष्ट्रिय गीतका सर्जक ब्याकुल माइलाले गर्नुभएको थियो । कार्यक्रमको सभापतित्व स्कूल व्यवस्थापन समितिका अध्यक्ष रामगोपाल कर्माचार्यले गर्नुभएको थियो । कार्यक्रममा गीत, नृत्य प्रस्तुत गरिएको थियो ।

# चापाकल सुकेसँगै वीरगञ्जमा खानेपानीको अभाव

वीरगञ्ज, पर्सा २९ वैशाख (रासस) । वीरगञ्ज महानगर क्षेत्रमा सुक्खायामका कारण चापाकल सुक्न थालेपछि खानेपानीको चर्को अभाव देखिएको छ । घर-घरमा गाडिएको चापाकल सुकेर खानेपानीको अभाव भएसँगै नेपाल खानेपानी संस्थान शाखा कार्यालय वीरगञ्जमा नयाँ धारा जडानको लागि सर्वसाधारण आउने क्रम बढेको छ ।

अहिले कार्यालयमा दैनिक सयौँको सङ्ख्यामा नयाँ धारा जडानको लागि निवेदन लिएर आउने गरेका छन् । खानेपानी संस्थान शाखा कार्यालयका वितरण प्रमुख सञ्जीवकुमार यादवले गत वर्षदेखि वीरगञ्ज बजार क्षेत्रका अधिकांश चापाकल सुकेसँगै सर्वसाधारण खानेपानीको लाइन जडान गर्न आउन थालेका बताउनुभयो ।

"विगतमा घरमा गाडिएको चापाकलमा पर्याप्त पानी आउँदासम्म खानेपानीको धारा जडानमा स्थानीयवासीको खासै रूचि देखाउँदैनथे ।

गत वर्षको हिउँदयामदेखि चापाकल सुकेर पानीको सङ्कट महसुस गरेपछि अहिले खानेपानी संस्थानमा धारा जोड्नेको घुइँचो नै लाग्ने गरेको छ", उहाँले भन्नुभयो ।

वितरण प्रमुख यादवले चालु आर्थिक वर्षको हालसम्मको अवधिमा मात्रै दुई हजार चार सयभन्दा धेरै नयाँ धारा जडान भएको जानकारी दिनुभयो । "गत आवको अन्त्यसम्म महानगर क्षेत्रमा आठ हजार चार सय घरधुरी मात्रै ग्राहक थिए", उहाँले भन्नुभयो ।

वडा कार्यालयको सिफारिसमा संस्थानले रु. ६ हजार तीन सय ७० लिएर नयाँ धारा जडान कार्य अघि बढाउँदै आइरहेको छ ।

## सङ्क्षिप्त समाचार

# धरानमा बन्यो कृषि तथा खाद्य प्रविधि अनुसन्धान केन्द्र

धरान (सुनसरी), २९ वैशाख । नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट) ले यहाँ कोशी प्रदेशस्तरीय कृषि तथा खाद्य प्रविधि विशिष्टीकृत अनुसन्धान केन्द्र स्थापना गरेको छ ।

धरान उपमहानगरपालिका-१६ मा बनेको केन्द्रको धरान उपमहानगरपालिकाका प्रमुख हर्कराज राई, नास्टका उपकुलपति डा. दिलीप सुब्बा र सचिव डा. रवीन्द्रप्रसाद ढकालले शुक्रबार उद्घाटन गर्नुभयो ।

त्यस अवसरमा उपकुलपति सुब्बाले प्रविधिको प्रयोगबाट कृषि उत्पादन बढाउन सकिने बताउँदै त्यसनिम्ति केन्द्रमार्फत किसानलाई सघाउन आफू प्रतिबद्ध रहेको बताउनुभयो ।

नगरप्रमुख राईले धरानको विकास आफ्नो एकमात्र लक्ष्य हो भन्दै केन्द्र स्थापनाका निम्ति उपमहानगरपालिकाले पूर्वाधार खडा गरेको जानकारी दिनुभयो । साथै उहाँले धरान आवासका निम्ति उपयुक्त सहर भएकाले त्यसैअनुसार खानेपानी योजना सञ्चालन तथा फोहरमैला व्यवस्थापन गर्नुपर्नेमा जोड दिनुभयो ।

नास्टका सचिव ढकालले केन्द्रमा विशेषगरी कृषि र खाद्य प्रविधिसँग सम्बन्धित विषयमा अध्ययन अनुसन्धान हुने बताउनुभयो । **रासस**

# दस जना शेर्पाको टोली एकैसाथ सगरमाथा चुचुरोमा

सल्लेरी (सोलुखुम्बु), २९ वैशाख । यो वसन्तमा सगरमाथा आरोहणका निम्ति मार्ग बनाउँदै हिँडेका १० जना शेर्पाको टोली शिखरको चुचुरोमा पुगेका छन् ।

आरोहणमार्ग तयार भएसँगै सगरमाथा आरोहणको अनुमति लिएका स्वदेशी तथा विदेशीलाई हिमाल चढ्ने बाटो खुलेको पर्यटन विभागको अस्थायी 'फिल्ड' कार्यालय प्रमुख खिमलाल गौतमले राससलाई जानकारी दिनुभयो ।

कार्यालय प्रमुख गौतमका अनुसार शुक्रबार बिहान ५ बजे 'रोप फिक्सिङ' टोलीले आरोहणका लागि बाटो निर्माणको काम सुरु गरेको थियो । "उहाँहरू शुक्रबार राति ८:१५ बजे शिखरमा पुग्न सफल हुनुभयो, अब यस सिजनका लागि आरोहणको बाटो खुल्यो, पहिलोपटक शेर्पा टोली पुगेपछि अब अन्य आरोहीहरू जान्छन्," उहाँले भन्नुभयो ।

शेर्पा समूहमा टोली प्रमुख डेन्डी शेर्पा (दोलखा), तेन्जिङ ग्याल्जेन शेर्पा, (सोलुखुम्बु), पेम्बा टासी शेर्पा (सङ्खुवासभा), लाक्पा शेर्पा (सङ्खुवासभा), दावा रिन्जे शेर्पा (सङ्खुवासभा), दावा शेर्पा (सङ्खुवासभा), पाम दोर्जी शेर्पा( सोलुखुम्बु), सुकबहादुर तामाङ (सङ्खुवासभा), नामग्याल दोर्जे तामाङ (सोलुखुम्बु) र लाक्पा रिन्जी शेर्पा (सङ्खुवासभा) छन् । यो वसन्त ऋतुमा ४१ वटा समूहका चार सय १४ आरोहीले सगरमाथ चढ्ने अनुमति लिएका पर्यटन विभागले जनाएको छ । **रासस**

# 'रोप फिक्सिङ' भएसँगै सगरमाथा आरोहण सुरु

काठमाडौँ, २९ वैशाख । यो वसन्त ऋतुको सगरमाथा आरोहण सुरु भएको छ । दक्ष कामदार (आइसफल डाक्टर) ले शुक्रबार बेलुका सगरमाथाको चुचुरोसम्म 'रोप फिक्सिङ' (डोरी टाँगेपछि) गरेपछि आरोहण सुरु भएको हो ।

सगरमाथा आधार शिविरस्थित पर्यटन विभागको अस्थायी फिल्ड कार्यालयले जारी गरेको विज्ञप्तिअनुसार शुक्रबार बेलुका ८ बजेर १५ मिनेटमा सगरमाथाको चुचुरोसम्म बाटो बनेसँगै आरोहण खुलेको छ । "सगरमाथा हिमालचुलीको शिखरसम्म बाटो निर्माण (रोप फिक्सिङ) सम्पन्न भएको छ । यससँगै टोलीमा संलग्न १० जना आरोहीहरूबाट सर्वोच्च चुलीको यो यामको पहिलो आरोहण सम्पन्न भएको छ," विज्ञप्तिमा भनिएको छ ।

पर्वतारोही डेन्डी शेर्पाको नेतृत्वमा रोप फिक्सिङ टोलीमा संलग्न सदस्यले सगरमाथाको चुचुरोसम्म सफलतापूर्वक डोरी टाँगेका विभागले उल्लेख गरेको छ । यो आरोहणसँगै सगरमाथाका लागि अनुमतिप्राप्त स्वदेशी तथा विदेशी पर्वतारोहीका लागि आरोहणको बाटो खुलेको विभागको साहसिक पर्यटन तथा पर्वतारोहण शाखा निर्देशक राकेश गुरुङले बताउनुभयो । "सगरमाथाको चुचुरोसम्म रोप फिक्सिङ भएसँगै आरोहणको बाटो खुलेको छ, मौसम अनुकुल रहेकाले अब धमाधम आरोही चुचुरोतर्फ लाग्नेछन्," उहाँले भन्नुभयो ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालको निर्णयअनुसार सन् २०२४ को वसन्त ऋतुमा सगरमाथा हिमालचुलीको दोस्रो शिविरदेखि चुचुरोसम्म हिमाली बाटो निर्माण गर्न पर्यटन विभागबाट पर्वतारोहण सञ्चालक सङ्घलाई जिम्मेवारी दिइएकामा उक्त सङ्घबाट छनोट भई सेभेनसमिट ट्रेकले दोस्रो शिविरदेखि चुचुरोसमम बाटो बनाउने जिम्मा पाएको थियो ।

सेभेन समिट ट्रेकका फिल्ड म्यानेजर टेण्डी शेर्पाले सगरमाथाको बाटो खोल्ने टोलीलाई आधार शिविरबाट संयोजना गर्नुभएको थियो ।

विभागका अनुसार यो याममा सगरमाथा आरोहण गर्न ४१ समूहका ७५ महिला र तीनसय ३९ पुरुषसहित चार सय १४ जनाले अनुमति लिएका छन् । अझै केही टोली बढ्नसक्ने विभागको अनुमान छ । यी आरोहीबाट सलामी रकम रु. ५९ करोड २३ लाख पाँच हजार आठ सय ४९ राज्यकोषमा दाखिल भएको छ । **रासस**



**थ्रेसरको सहायताले गहुँ चुट्दै**
चुरे क्षेत्रमा रहेको नायल गाउँका किसान थ्रेसरको सहायताले गहुँ चुट्दै । हातैले गहुँ चुट्दै आएका नायल गाउँका बासिन्दा अहिले आएर गहुँ चुट्नका लागि थ्रेसरको प्रयोग गर्न थालेका छन् । *तस्बिर : राजेन्द्रप्रसाद पनेरु/रासस*

# बाइस महिनामा पनि बनेन दुई किमि सडक

गण्डकी, २९ वैशाख । राष्ट्रिय गौरवको आयोजना मध्यपहाडी लोकमार्गअन्तर्गत कास्कीको हरिचोक-याम्दी खण्डको दुवैतिर चार लेनको चिल्लो सडक छ । बीचको करिब दुई हजार दुई सय मिटर सडक भने अहिले पनि कच्ची छ । निर्माण कम्पनीको ढिलासुस्तीले सडक विस्तार र स्तरोन्नतिले गति लिन नसकेको पर्वतस्थित लोकमार्ग आयोजना कार्यालयले जनाएको छ ।

कार्यालय प्रमुख कल्पना अधिकारीका अनुसार दुई वर्षमा सक्ने गरी विसं २०७९ साउनमा काठमाडौँको मोतिदान कन्स्ट्रक्सन सेवा प्रालिले सडक निर्माणको जिम्मा लिएको थियो । समयमा काम पूरा हुन नसक्ने देखिएपछि ठेक्का म्याद आउँदो चैतसम्म थप भएको उहाँले जानकारी दिनुभयो ।

विद्युत्का खम्बा, खानेपानी व्यवस्थापन, भुक्तानी समस्याजस्ता कारणले पनि सडक निर्माणमा ढिलाइ भएको कार्यालय प्रमुख अधिकारीले बताउनुभयो । "ठेक्का तोड्ने तयारीमा थियौँ, पछि निर्माण कम्पनीबाट कामलाई तीव्रता दिने प्रतिबद्धता आएपछि म्याद थपिएको हो", उहाँले भन्नुभयो, "समयमा भुक्तानी दिन नसक्नेजस्ता कमजोरी आयोजना व्यवस्थापनबाट पनि भए, त्यसले पनि काम केही प्रभावित भयो ।"

आयोजना कार्यालयले समयमा काम सक्न निर्माण कम्पनीलाई पटकपटक ताकेता गर्दै आएको थियो । सुरुको ठेक्का अवधि सकिन लाग्दा पनि कामको प्रगति न्यून रहेको प्रमुख अधिकारीले बताउनुभयो । पोखरा महानगरपालिका-१ का अध्यक्ष सहारा प्रधानले प्रदेश राजधानी जोड्ने मुख्य सडक दुई वर्षदेखि नाजुक अवस्थामा रहेको बताउनुभयो ।

"हामीले पटकपटक दबाबमूलक कार्यक्रम पनि गर्‍यौँ तर निर्माण कम्पनीले विभिन्न बहाना बनाउँदै काममा ढिलासुस्ती गरिरहेको छ", उहाँले भन्नुभयो, "पोखरा प्रवेश गर्ने मुख्य सडक मार्गको अवस्था सार्‍है दयनीय छ, स्थानीय पनि धूलो र हिलोले हैरान छन् ।"

केही दिनअघि निर्माणको विषयमा प्रमुख जिल्ला अधिकारीसहित, स्थानीय जनप्रतिनिधि, आयोजनाका प्रतिनिधिलगायतको छलफलमा निर्माण कम्पनीका प्रतिनिधिले कामलाई गति दिने प्रतिबद्धता जनाएको वडाध्यक्ष प्रधानले बताउनुभयो । "मौसमको प्रतिकूलता, भुक्तानी नपाएको जस्ता समस्या देखाएर निर्माण कम्पनीले काममा ढिलासुस्ती गरिरहेको छ", उहाँले भन्नुभयो, "अहिले पनि भने जसरी काम भएको छैन ।"

पोखरा-बागलुङ चल्ने जिपका चालक लक्ष्मण क्षेत्रीले समयमा सडक नबन्दा यात्रामा सास्ती खेप्नुपरेको सुनाउनुभयो । "एकातिर गाडीलाई मार अर्कोतिर यात्रुलाई सकस", उहाँले भन्नुभयो, "दुवैतर्फ चार लेन कालोपत्र सडक छ, बीचको बाटो किन बनेन अचम्म छ ।" ग्राभेल हालेर खाल्डाखुल्डी पुर्ने र पानी तर्काउनेसम्मको काम पनि नभएकामा उहाँले दुःखेसो पोख्नुभयो । सोही सडकका कारण पोखरासम्मको यात्रा झन्झटिलो र लामो बनेको यात्रुको गुनासो छ ।

पोखराको जिरो किमीदेखि हरिचोक र याम्दीदेखि फेदीसम्मको सडक दुई वर्षअघि नै कालोपत्र गरिएको थियो । प्रदेश राजधानी पोखरा जोड्ने मुख्य सडकको दुरावस्थाप्रति जनगुनासो पनि बढ्दै गएको छ । पश्चिमतर्फ पर्वत, बागलुङ, म्याग्दी, मुस्ताङ, रुकुम पूर्वलगायत जिल्लाबाट लोकमार्ग हुँदै दैनिक सयौँ गाडी पोखरा आउजाउ गर्छन् । सडक जीर्ण र अस्तव्यस्त हुँदा सवारी जामको समस्या छ । दुर्घटनाको पनि जोखिम बढेको छ ।

# रारामा रिसोर्ट बन्ने भएपछि कर्णालीको पर्यटनमा विकासको अपेक्षा

**- अच्युत रेग्मी**

काठमाडौँ, २९ वैशाख । मुगु जिल्लाको छाँयानाथ रारा नगरपालिकास्थित नेपालकै उत्कृष्ट पर्यटकीय गन्तव्य रारा ताल क्षेत्रमा 'रारा रिसोर्ट' निर्माण हुने भएपछि मुगुवासी हर्षित बनेका छन् ।

भर्खरै सकिएको तेस्रो लगानी सम्मेलनमा रारामा बन्ने पहिलो लक्जरी रिसोर्टका लागि अष्ट्रेलियन गुप्रले लगानी गर्ने गरी सम्झौता भएपछि सो क्षेत्रका बासिन्दामा खुसी भएका हुन् । अष्ट्रेलियन एक्सपर्ट गुप्रसँग रारा रिसोर्ट निर्माणका लागि साझेदारी गरेको रारा होल्डिङ प्रालिले शुक्रबार काठमाडौँमा मुगुका स्थानीयवासी, राजनीतिक दलका नेता तथा जनप्रतिनिधिसँग गरेको अन्तरक्रियामा त्यहाँका बासिन्दा रारामा वैदेशिक लगानी भित्रिन लागेकोमा खुसी भएका हुन् ।

स्वर्गकी रानीको उपमा पाएको नेपालकै उत्कृष्ट पर्यटकीय गन्तव्य रारा ताल क्षेत्रमा नेपालमा जन्मेर लामो समय अस्ट्रेलियामा बस्दै आउनुभएका बद्री अर्याल र सञ्जीव शर्माले एक्सपर्ट गुप्रमार्फत लगानी भित्र्याउनुभएको हो । तेस्रो नेपाल लगानी सम्मेलनमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री हितबहादुर तामाङ र सचिव दीपक काफ्लेको उपस्थितिमा रारा रिसोर्टमा लगानी गर्नेसम्बन्धी सम्झौतामा हस्ताक्षर भएको थियो ।

पूर्वराज्यमन्त्री हस्तबहादुर मल्ल रारा रिसोर्टले मुगुमात्र नभई समग्र कर्णाली प्रदेशकै विकासमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो । "उक्त रिसोर्टलाई समयमा नै सम्पन्न गर्नका लागि स्थानीयवासीलाई समेटेर अगाडि बढ्न जरुरी छ," उहाँ भन्नुहुन्छ । रारा क्षेत्रमा राष्ट्रिय निकुञ्जसमेत रहेकाले राष्ट्रिय निकुञ्जभित्रको ऐन, कानुनलाई समेत समावेश गरेर अगाडि बढ्नुपर्ने उहाँले सुझाव दिनुभयो ।

मुगुम कार्मारोङ गाउँपालिकाका अध्यक्ष छिरिङ क्यान्पे लामा रारा क्षेत्रमा आएका पर्यटकलाई छाँयानाथसम्म लैजान सके मुगु जिल्लाको पर्यटन क्षेत्रले गति लिने बताउनुहुन्छ । रिसोर्ट निर्माणमा स्थानीय बासिन्दालाई प्राथमिकता दिनुपर्ने उहाँको भनाइ छ ।

रारामा रिसोर्ट निर्माण गर्न लागेको नेपाली कम्पनी रारा होल्डिङ्स प्रालिका सञ्चालक अभिषेक विक्रम शाह रारा क्षेत्रमा जतिसक्दो धेरै पर्यटक लगेर रारामात्र नभई समग्र कर्णाली क्षेत्रको पर्यटक विकासका लागि 'रारा रिसोर्ट' निर्माण गर्न लागिएको बताउनुहुन्छ ।


"म कर्णाली क्षेत्रकै बासिन्दा हुँ, कर्णालीको पर्यटन क्षेत्रको विकासका लागि मैले केही गर्नुपर्छ भनेर उक्त परियोजना अगाडि सारेको हुँ, यसलाई सफल बनाउन सबैको साथ र सहयोग आवश्यक छ," उहाँ भन्नुहुन्छ ।

मुगुको छायानाथ रारा नगरपालिका, मुर्माटपमा ८० रोपनी क्षेत्रफलमा बन्ने लक्जरी रिसोर्टमा पहिलो चरणमा करिब रु. ७० करोड लगानी हुने बताइएको छ । रिसोर्ट वातावरणमैत्री र स्थानीय संस्कृति झल्किने नेपाली डिजाइनमा निर्माण गरिने र स्थानीयस्तरमा उपलब्ध स्रोत तथा साधनको अधिकतम प्रयोग हुने शाह बताउनुहुन्छ ।

समुद्र सतहदेखि तीन हजार सात सय मिटर उचाइमा निर्माण हुने यो रिसोर्टबाट रारा ताल र त्यस क्षेत्रका हिमालको मनमोहक दृश्य देख्न सकिन्छ । "यो परियोजना कर्णाली प्रदेशकै पहिलो लक्जरी रिसोर्ट हो, परियोजना निर्माण सुरु गर्नका लागि सबै प्रक्रिया लगभग अन्तिम चरणमा पुगेका छन्, मुगुवासी सबैसँगको छलफल र सहकार्यमा यस परियोजनालाई आगामी १८ देखि २२ महिनाभित्र निर्माण सम्पन्न गर्ने लक्ष्य लिएका छौँ," शाह भन्नुहुन्छ ।

आयोजनामा दोस्रो चरणमा रु. ४० करोड लगानी थप हुने निर्माण कम्पनीले जनाएको छ । एक्सपर्ट गुप्रले अस्ट्रेलिया र नेपालमा शिक्षा र जलविद्युत्का क्षेत्रमा लगानी गर्दै आएको छ । **रासस**

**हार्दिक समवेदना**



यस संस्थाका सदस्यता नं. १५९३ का सदस्य **सोमप्रसाद छुस्याबागको** असामयिक निधन भएको आज सातौँ दिन (न्हेनुमा) को पुण्यतिथिमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

जन्म : २०३०/०३/१३
निधन : २०८१/०१/२४

**श्वेत भैरव बचत तथा ऋण सहकारी संस्था लि.**
जैँला-८, भक्तपुर

। सम्पादकीय ।

# समाज परिवर्तनको निम्ति कम्युनिस्टहरू सदा लागिरहनु आवश्यक

शोषणले गहिरो जरा गाडेको समाजलाई पूर्णरूपले बदल्न समय लाग्छ। समाजवादीहरू शोषणरहित समाज स्थापना गर्न निरन्तर लागिरहन्छन्। पुँजीवादी व्यवस्थामा देखिने व्यक्तिवाद, अहङ्कार, ऐय्यासी जीवन, निराशा, बेइमानी आदि समाजवादी व्यवस्था ल्याउनमा बाधक बन्छ। समाजवादीहरू त्यस्ता बैगुनबाट अलग राख्न बस्ती बस्तीमा पुगेर राजनीति गरिरहेका हुन्छन्। कम्युनिस्टहरू समाज परिवर्तनको लागि हरतहरले लागिरहेका हुन्छन्। उँचो भावनाले मानवको सेवा गर्ने मानिसको इच्छा र आकाङ्क्षा पूरा गर्नेतर्फ लाग्नु कम्युनिस्टहरूको दायित्व हो। स्तालिनले कम्युनिस्टहरूलाई 'यमराजको ढोका घच्घच्याउने' उपमा दिएका थिए अर्थात् कम्युनिस्टहरू बहुमत जनताको हितको निम्ति समर्पित हुन्छन्। माओ त्सेतुङले भनेका थिए, कम्युनिस्टहरूको हृदय विशाल हुनुपर्छ। उनीहरू इमानदार र सक्रिय हुनुपर्छ। क्रान्तिको निम्ति लाग्नुपर्छ। देश र जनताको सेवा गर्न क्रान्तिको निम्ति सङ्घर्षमा लाग्नु, आफ्नोभन्दा देश र जनताको हितमा प्राथमिकता दिनु कम्युनिस्टको कर्तव्य हो।

हो, कम्युनिस्टहरू दूरदर्शी, त्यागी र दृढ हुन्छन्। सच्चा कम्युनिस्टहरू इमानदार हुन्छन्। क्रान्तिकारीले मात्रै समाज परिवर्तन गर्छ। बहुमत जनताको हितको निम्ति लड्नु कम्युनिस्टको आचरण हो। तर, विडम्बना ! सत्तामा जाने कम्युनिस्टहरू बहुमत जनताको सेवामा लागेका छैनन्। देश र बहुमत जनताको सेवामा नलागी ती दलका नेताहरू आफ्नो दलगत र व्यक्तिगत स्वार्थमा लागे; आफ्नो स्वार्थ हेरेर विकास योजना ल्याउने, ठेक्कापट्टा दिएर र सरूवा बढुवा गरेर आय आर्जन गर्ने जस्ता अवाञ्छित काम गर्न पनि शासकहरू पछि परेनन्। ठुला पार्टीका नेता र मन्त्रीले अभिमानी मात्र गर्ने होइन आफ्नो ठुलो जिम्मेवारी सम्झेर के देश र जनताको हितमा काम गर्नुपर्दैन ? बेलाबखत समाजवाद र समाजवादी मोर्चाको बखान गर्ने दलका नेताहरूले देशमा समाजवाद ल्याउन केही गरिरहेका छैनन्। पार्टीको नाम कम्युनिस्ट पार्टी राख्ने, पार्टीको मार्ग निर्देशक सिद्धान्त मार्क्सवाद, लेनिनवाद भन्ने तर कम्युनिस्ट या मार्क्सवाद र लेनिनवादलाई व्यवहारमा लागु नगरी देखाउने दाँत बनाउने कामले देशमा कसरी समाजवाद स्थापना हुन्छ ?

जहिल्यै पुँजीवादी सत्तामा रमेर, पुँजीपति, जालीफटाहा, जमिनदार, बिचौलिया ठेकेदार, अपराधीहरूको पक्षपोषण गरेर बहुमत जनताको हित हुँदैन। पुँजीपतिवर्गको प्रतिनिधित्व गर्ने नेकाजस्तो पार्टीले पुँजीपतिवर्गको पक्षमा बहस गर्नु, ऐन कानुन बनाउनु अस्वाभाविक होइन। तर, आफूलाई कम्युनिस्ट भनिने दलका नेताहरू कहिले नेकाका पछि लाग्छन् या नेकासँग मिल्छन् त कहिले राजावादी दलसँग मिलेर शासन गर्छन्। माओवादी एमालेसँग मिलेर शासन गर्नु छ भने नेकासँग किन मिल्नुपर्‍यो ? कहिले, कुन दल कहिले कुन दलसँग मिलेर कसरी गन्तव्यमा पुग्न सकिन्छ ? अहिले शासकहरूले कुर्सीमा बसेर उद्घाटन, शिलान्यास गर्नेबाहेक देश र जनताको निम्ति के नै गरेका छन् ? हरेक दिनझैँ भ्रष्टाचार, अनियमितता, कालाबजारी, हिंसा, आपराधिक क्रियाकलापजस्ता बेथिति बढेर देश कसरी समृद्ध हुन्छ ? नेपाली जनता सुखी हुन्छन् ?

कालापानी, लिम्पियाधुरा र लिपुलेक नेपालको भूमि हो। कालापानीमा भारतीय सेना तैनाथ छ। तत्कालीन राजा महेन्द्रले भारतीय सेनालाई त्यहाँ बस्न दिएका थिए। भारत सरकारले सो भारतीय सेना फर्काउनु पर्ने हो। तर, भारतीय सेना नेपाली भूमिमा बसिरहेको छ। न भारत सरकारले फर्काएर लगेको छ न नेपाल सरकारले भारतीय सेना हटाउन पहल गरिरहेको छ। नेकाको सरकारले पहल गरेन भने कम्युनिस्ट भनिने दलको सरकारले के पहल गर्नुपर्दैन ? त्यो नेपाली भूमि नेपालको नक्सामा राख्नु ठिक्कै हो। नेपाली रूपैँयामा चुचो नक्सा राख्ने काम पनि ठिक्कै हो। तर, नक्सा र रूपैँयामा नेपालको भूमि देखाए पनि नेपाल र नेपालीले उपयोग गर्न पाएका छैनन्। नेपालले उपयोग गर्न पाएको भए त्यो सरकारको उल्लेखनीय काम हुन्छ। यसकारण, कम्युनिस्टहरू भारतीय विस्तारवाद र अमेरिकी साम्राज्यवादको विरोधमा उभिनुपर्छ; नेपाल सरकारले नेपाली भूमि कायम नहुन्जेल कूटनीतिक प्रयासहरू गरिरहनुपर्छ।

# किन अमेरिकी युवाहरू गाजाको साथमा खडा छन् ?

✍ ड्यानी हाइफोंग

संरा अमेरिकाभरका कलेज क्याम्पसका दृश्यहरूले विश्वलाई स्तब्ध बनाएको छ। कोलम्बिया युनिभर्सिटीदेखि अस्टिनको टेक्सास विश्वविद्यालयसम्म, शान्तिपूर्ण प्यालेस्टिन समर्थक प्रदर्शनकारीहरूको शिविरलाई दबाउन दङ्गा पुलिस र अन्य भारी सशस्त्र सुरक्षा बलहरू तैनाथ गरिएका छन्। सयौं विद्यार्थी र प्राध्यापक पक्राउ परेका छन्। राजनीतिज्ञ र कलेज प्रशासकहरूले शिविर तोड्न नेशनल गार्डलाई बोलाउने धम्की दिएका छन्। यी घटनाक्रमहरूले भियतनाम युद्धविरोधी आन्दोलनको सम्झना दिलाउँछ जसको कारण केन्ट स्टेट युनिभर्सिटीमा युद्धविरोधी प्रदर्शनको क्रममा मे ४, १९७० मा नेशनल गार्डले चारजना विद्यार्थीहरूको हत्या गरेको थियो।

संरा अमेरिकाका युवाहरूले प्यालेस्टिनको समर्थनमा किन विरोध गरिरहेका छन् भनी सोध्नुको सट्टा,




अमेरिकी राजनीतिक र मिडिया प्रतिष्ठानका प्रमुख सदस्यहरूले विरोधलाई अयोग्य बनाउने प्रयास किन गरिरहेका छन्भनी सोध्नुपर्छ। अभेरिकी सदनका सभामुख माइक जोन्सनले अप्रिल २४ मा कोलम्बिया युनिभर्सिटीमा आयोजित पत्रकार सम्मेलनमा विद्यार्थीको विरोध प्रदर्शनलाई 'एन्टीसेमेटिक' भने।

उनलाई भीडबाट चर्को स्वरले स्वागत गरियो। इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतन्याहुले यस्तै दाबी गरे र अमेरिकी अधिकारीहरूलाई विरोध प्रदर्शन अन्त्य गर्न बल प्रयोग गर्न आग्रह गरे। न्यूयोर्क टाइम्सजस्ता धेरै मूलधाराका सञ्चार प्रकाशनहरूले प्रदर्शनकारीहरूलाई उनीहरूको कथित विघटनकारी तरिकाहरूको लागि निन्दा गरे।

यद्यपि, निन्दाहरूले यस सङ्कटको समयमा प्यालेस्टिनको पक्षमा युवाहरूले अडान लिनुको वैधानिक लक्ष्यहरूबाट हटाउन सक्दैन। पहिलो र प्रमुख, विद्यार्थीहरू र उनीहरूको विरोध प्रदर्शनमा सामेल भएकाहरूले प्यालेस्टिनी जनताको लागि धेरै वास्तविक चिन्ता व्यक्त गरिरहेका छन्। गाजामा इजरायलको सैन्य कारबाहीमा ३४,००० भन्दा बढी प्यालेस्टिनीको मृत्यु भइसकेको छ भने हजारौं अझै भग्नावशेषमुनि पुरिएका छन्। संयुक्त राष्ट्र सङ्घका धेरै प्रतिवेदनहरूले बमबारी र मानवीय सहायताको जारी इजरायली नाकाबन्दीको परिणामस्वरूप पूर्वाधारको विनाशको ठुलो स्तर र भोकमरीको गम्भीर जोखिमको विवरण दिएका छन्। यसले गाजामा भइरहेको मानवीय विपत्तिको सतहलाई मात्र केही मात्रामा खुलासा मात्र गर्छ। धेरै तरिकाले संरा अमेरिकाका युवाहरूले पछिल्लो धेरै दशकहरूको सबैभन्दा सार्वजनिक रूपमा देखिने युद्धको अनुभव गरिरहेका छन्। अस्पताल बम विष्फोट, नागरिक पूर्वाधार र शरणार्थी शिविरहरूमा आक्रमणहरू, र गाजामा प्यालेस्टिनीहरूमाथि हुने हिंसाका असङ्ख्य रूपहरू एक्स र फेसबुकजस्ता लोकप्रिय सामाजिक मिडिया प्लेटफर्महरूमा वास्तविक समयमा अभिलेखित भइरहेका छन्। यसले अन्यायको सामना गर्दा युवाहरूमा बुझ्ने क्रोध पैदा गरेको छ, विशेषगरी अमेरिकी राजनीतिक प्रतिनिधिहरू द्वन्द्वमा निष्पक्ष पक्ष भएको छैन। जो बाइडेन प्रशासनले इजरायलमा अरबौं हतियारहरू पठाएको छ, संयुक्त राष्ट्र सुरक्षा परिषदमा बारम्बार युद्धविराम प्रस्तावहरू रोकेको छ र गाजामा जानकारी फैलाउने टिकटकजस्ता प्लेटफर्महरूलाई लक्षित गर्दैछ। संरा अमेरिकाका युवाहरू यसरी वाशिङ्टनले जीनोलाई सहजीकरण गरिरहेको निष्कर्षमा पुगेका छन्।

'गाजाका लागि युवा' अमेरिकीहरू बिचको उत्कट समर्थन बुझ्नको लागि थप मार्गदर्शनको लागि हामी भियतनाम युद्ध युगमा फर्केर हेर्न सक्छौं। संरा अमेरिका आधिकारिक रूपमा १९६४ मा भियतनाम प्रवेश गर्‍यो जब नागरिक अधिकार आन्दोलन उच्च बिन्दुमा पुग्यो। युवाहरू आफूलाई राजनीतिक र आर्थिक हेडवाइन्डमा फसेका छन्। आर्थिक असमानता, युद्ध र जातीय भेदभावको बढ्दो स्तरमा वा मार्टिन लुथर किंग जूनियरले अमेरिकी समाजको 'ट्रिपल खराबीहरू' भनेर बोलेकोमा क्रोध उत्पन्न भयो। ठुलो सङ्ख्यामा कलेजका विद्यार्थीहरूले भियतनाममा अमेरिकी आक्रमणको अन्त्यको लागि व्यापक दृष्टिकोणको मुख्य भागको रूपमा अझ समान र समानुपातिक समाज कस्तो हुनुपर्छ भन्ने माग गरे।

हालको अवधिमा अमेरिकाका युवाहरूले अझ जटिल चुनौतीहरूको सामना गर्नुपरेको छ। २०२० को ब्ल्याक लाइभ्स म्याटरको विरोधले लाखौं युवाहरूलाई पुलिस क्रूरताबाट पीडितहरूलाई न्यायको लागि मार्च गर्न बाध्य तुल्यायो। जब सतहमा विरोध प्रदर्शनहरू मुख्य रूपमा पुलिस क्रूरतामा केन्द्रित थिए, तिनीहरूको विशाल आकारले युवाहरूमाझ बढ्दो चेतनालाई प्रतिबिम्बित गर्‍यो कि निम्न आर्थिक दबाब, महामारी, र जातीय अन्याय सँगै जीवन वा मृत्युको प्रभाव हुन्छ।

यी चुनौतीहरू हटेका छैनन्। संरा अमेरिकाका युवाहरूले गरिबी, विद्यार्थी ऋण र बेरोजगारीको उच्च दरहरू सामना गरिरहेका छन्। अनिश्चित आर्थिक परिस्थितिले शारीरिक र मानसिक स्वास्थ्य समस्याहरू बढाएको छ, साथसाथै स्थापित राजनीतिक र आर्थिक व्यवस्थामा बढ्दो अविश्वास पनि बढेको छ। त्यसकारण गाजाले संरा अमेरिकामा सामाजिक जीवनलाई चित्रण गर्ने अस्थिरता र त्रासदीको अभिव्यक्तिलाई प्रतिनिधित्व गर्दछ। अमेरिकाका युवाहरू दुवै प्यालेस्टिनी क्षेत्रहरूमाथि थोपरिएको पीडामा चासो व्यक्त गरिरहेका छन् र तिनीहरूको प्रतिरोधमा प्रेरणा पाउँ छन्।

यसबाहेक, विश्वव्यापी स्थितिको प्रश्नमा भूराजनीतिक हेडविन्डले यूएसलाई राखेको छ। गाजामा भइरहेको नरसंहार अमेरिकाको पतनको अर्को सङ्केत हो र यसको आधुनिक इतिहासमा अमेरिकी अपवादवादको विचारधाराको लागि सबैभन्दा ठूलो चुनौती हो। बढ्दो हस्तक्षेपवादको साथमा आफ्नै आन्तरिक विरोधाभासहरू समाधान गर्न बिडेन प्रशासनको असक्षमताले अमेरिकाको विश्वसनीयतालाई मात्र हानि पुर्‍याएको छ। तथाकथित 'लोकतन्त्र'।

एउटा भनाइ छ, जसले इतिहास बिर्सन्छ, उसले इतिहास दोहोर्‍याउँछ। संयुक्त राज्य अमेरिकामा शासन गर्ने अभिजात वर्गहरूले आफ्नो स्थापनाकालदेखि नै भूराजनीतिक र आर्थिक प्रभुत्व कायम राख्न एक प्रकारको ऐतिहासिक स्मृतिभ्रंशलाई संस्थागत गरेका छन्। जे होस्, अमेरिकी साम्राज्यको विरोधाभासले आवधिक रूपमा क्षणहरू प्रस्तुत गर्दछ जहाँ स्मृतिभ्रंश कम हुन्छ र जनसङ्ख्याको महत्त्वपूर्ण खण्डहरू शान्ति, न्याय र जन-केन्द्रित लोकतन्त्रको लागि विश्वव्यापी उद्देश्यमा सामेल हुन बाध्य हुने छन्। हामी अहिले यी क्षणहरूमध्ये एकको साक्षी हुन सक्छौं, र यो महत्त्वपूर्ण छ कि यसको उद्भव पछिको वास्तविक कारणहरूलाई बेवास्ता गरिएको छैन।

(लेखक संयुक्त राज्य अमेरिकाका एक स्वतन्त्र पत्रकार र अनुसन्धानकर्ता हुनुहुन्छ। उहाँ ब्ल्याक एजेन्डा रिपोर्टको योगदानकर्ता सम्पादक र नो कोल्ड वार अन्तर्राष्ट्रिय अभियानका संस्थापक सदस्य हुनुहुन्छ।)

*-पेइचिङ रिभ्युबाट*

*अनुवाद : प्रकाश*



# जारविरुद्ध षड्यन्त्र : छोटो चिनारी

साहित्यमा समृद्ध देश हो रूस । भनिन्छ, सन् १९१७ को महान् अक्टोबर समाजवादी क्रान्ति हुनुमा रूसी साहित्यको अतुलनीय योगदान थियो । सोभियत सङ्घको अवधिमा पनि रूस क्रान्तिकारी लेखनीको उर्वरभूमि बनिरह्यो । 'जारविरुद्ध षड्यन्त्र' सोही परम्पराको एक कालजयी पुस्तक हो । यस पुस्तकका लेखक नातन आइडलम्यान ( १९३०-१९८९) हुन् । उनी सोभियत सङ्घका जनप्रिय इतिहासकार थिए । पुस्तकको अङ्ग्रेजी संस्करण सन् १९८५ मा प्रकाशित भएको थियो ।

'जारविरुद्ध षड्यन्त्र' डिसेम्बर विद्रोहका अगुवाहरूको जीवनगाथा हो । सबैभन्दा पाका मिखाइल लुनिन (जन्म सन् १७८७) देखि सबैभन्दा पछिसम्म बाँच्ने जाभालिसिन (मृत्यु सन् १८९२) सम्म पुस्तकमा समेटिएका छन् । अघिल्ला तीन पाठमा प्रमुख क्रान्तिकारीहरूको हुर्काइ, विचार र सजायको मर्मस्पर्शी चित्रण छ । गुप्त समाजको स्थापनासँगै लेखकले क्रमश: लुनिन, निकिता मुराभ्योभ, तीनभाइ मुराभ्योभ अपोस्तल, रुमिन, पेस्तेल, रिलेयेभ, काखोभ्स्कीको व्यक्तिचित्र उतारेका छन् । त्यसपछि डिसेम्बर विद्रोहको घटनाक्रम, राजाको केरकार, सजाय घोषणा, मृत्युदण्ड, निर्वासन र साइबेरियाको कठोर जीवनलाई रोचक शैलीमा बयान गरेका छन् । प्रसङ्गअनुसार डिसेम्बरवादी कवि ओदोयेभ्स्की, सिनेट चोकका प्यानोभ, युक्रेनका बागी सुखिनोभ, निर्वासनमा विद्रोहीहरूलाई साथ दिने क्रान्तिकारी चेलीहरू, अगुवा जर्नेल भोल्कोन्स्की र पुशिन तथा सेर्गेइ मुराभ्योभका साथी गोर्भाचेभ्स्कीलगायत क्रान्तिकारीहरूको चित्रण गरिएको छ । पुस्तकका पछिल्ला चार पाठमा डिसेम्बर विद्रोहबाट प्रभावित कवि, लेखक र चिन्तकको वर्णन छ । साहित्यकार लेर्मोन्तोभ, उपन्यासकार तोल्सतोय, समाजवादी चिन्तक हर्जेन र रूसी भाषाका महाकवि पुश्किनको भिन्न व्यक्तित्व उजागर भएको छ ।

**पृष्ठभूमि**

१७ औं शताब्दीको उत्तरार्द्धमा बेलायतमा औद्योगिक क्रान्ति भयो । फ्रान्सको पुँजीपतिवर्ग बेलायतको खुला समाजबाट प्रभावित भयो । त्यसकै प्रभावले सन् १७८९ मा फ्रान्सेली राज्य क्रान्ति भयो । क्रान्तिको नारा थियो समानता, स्वतन्त्रता र भाइचारा । क्रान्तिमा श्रमजीवी जनताको ठुलो सहभागिता थियो । कामदार जनता जाग्ने डरले पुँजीपतिवर्गले प्रतिक्रान्ति गयो र सैनिक अधिनायक नेपोलियन बोनापार्टलाई सत्तामा ल्यायो । क्रान्तिको नारा कागजमा सीमित भयो । नेपोलियनको आगमनबाट फ्रान्समा पुँजीवादको तीव्र विकास भयो । कच्चा पदार्थ र बजारको लागि नेपोलियनले विदेशमा हमला गर्न थाले । सन् १८१२ मा नेपोलियनले रूसी साम्राज्यमाथि हमला गरे ।


महारानी क्याथरिनको पालादेखि रूसको शासकवर्ग फ्रान्सेली भाषा र जीवनशैलीबाट औधी प्रभावित थियो । कुलीन वर्ग फ्रान्सको उदारवादी विचारबारे जानकार थियो । नेपोलियनको सेनालाई लखेट्दै र युरोपका विभिन्न सहर डुल्दै रूसी सेना पेरिस पुग्यो । रूसका अफिसरहरू प्राय: कुलीन युवाहरू थिए । पिछडिएको रूसी समाजभन्दा युरोपेली समाज धेरै अगाडि बढेको उनीहरूले पाए । रूसका तत्कालीन राजा अलेक्सान्द्र प्रथम उदार प्रकृतिका थिए । त्यसैले युद्धपछि रूसमा परिवर्तन आउने युवा अफिसरहरूको सोच थियो । लडाइँमा गएका सिपाहीहरू किसान वा भूदास थिए । उनीहरूले पनि राजाबाट केही अपेक्षा गरेका थिए । तर, युद्धपछि राजा निरङ्कुश बने । उनले प्रशासनको बागडोर रूढीवादी अधिकारीहरूको हातमा सुम्पे । देशमा सैनिक बस्तीहरू बसालियो । ती बस्तीमा भूदासहरूलाई खेतीपाती गराइन्थ्यो र युद्धको बेला उनीहरू अनिवार्य लड्न जानुपर्थ्यो । सेनाको जिम्मेवारी कठोर अफिसरहरूको हातमा दिइयो । तिनले सिपाहीलाई पशुतुल्य व्यवहार गर्थे । यसरी रूस कठोर सैनिक साम्राज्यमा फेरियो ।

डिसेम्बर विद्रोहका अगुवा युवाहरू खानदानी परिवारबाट आएका थिए । आफ्नो वर्गले नै रूसमा नौलो समाज स्थापना गर्नमा बाधा हालेको उनीहरूले बुझेका थिए । सामन्ती शोषण र अत्याचारबाट जनतालाई मुक्त पार्न उनीहरूले एउटा गुप्त समाजको स्थापना गरे । मुक्ति समाज नाम दिइएको त्यो समाजको मुख्य उद्देश्य निरङ्कुश राजतन्त्र हटाउनु र भूदास प्रथा उन्मूलन गरेर रूसमा प्रगतिशील संविधान लागु गर्नु थियो । यसका साथै सैनिक सेवाको अवधि घटाउनु तथा सरकारी कर्मचारीहरूको सेवासुविधा र आम्दानीको कहिल्यै नमेटिने भोकमाथि रोक लगाउनु अर्को लक्ष्य थियो । छोटकरीमा गुप्त समाजका सदस्यहरू रूसमा प्रगतिशील समाज स्थापना गर्न चाहन्थे ।

**पुस्तक सार**

पुस्तक हिउँदको एक दिनबाट सुरु हुन्छ । "सबथोक हासिल नहोला भनेर एकथोक पनि नगरी बस्नु सही होइन ।" यही भावनाका साथ सेर्गेइ, मात्भेइ, निकिता, अलेक्सान्द्र मुराभ्योभ तथा कुमार त्रुबेत्स्कोइ र इभान याकुश्किन गरी ६ सैनिक अफिसरहरूले १८१६ फेब्रुअरी ९ को दिन रूसमा मुक्ति समाजको स्थापना गरे ।

त्यसबेला मिखाइल लुनिन राजधानी पिटर्सबर्गमा थिएनन् । नत्र उनी पनि मुक्ति समाजका संस्थापक हुने थिए । लगत्तै उनी गुप्त समाजका सदस्य बने । उनी ठुला सामन्तका छोरा थिए । पढाइको क्रममा फ्रान्सेली क्रान्तिको प्रभावले उनमा क्रान्तिकारी भावना पलायो । गणित, सङ्गीत र विभिन्न भाषामा उनको दक्षता थियो । व्यवहारमा निकै शिष्ट थिए । देशमा होस् वा विदेशमा उनी परिवर्तनको सेवा गर्न चाहन्थे ।




सेनाको जागिरबाट वाक्क भएपछि लुनिनले सारा सम्पत्ति त्यागे । पेरिस पुगेर उनले यायावरको जीवन बाँच्न थाले । त्यहाँ सेन्ट साइमनजस्ता विचारकसँग उनको उठबस भयो । सेन्ट साइमनले भने, दुइटा खरायो समातन खोजे एउटा पनि समातिन्न । राजा पिटरको पालादेखि रूस लडेको लड्यै छ । युद्धले खालि दासत्व ल्याउँछ । शान्तिपूर्ण श्रमले मात्र स्वतन्त्रताको जग हाल्न सकिन्छ । शान्तिपूर्ण श्रम प्रत्येक व्यक्तिको मौलिक अधिकार हो । यो कुरा मनमा राखेर लुनिन पिटर्सबर्ग फर्के ।

मुराभ्योभ परिवार लुनिनको मावली थियो । चञ्चल निकिता मुराभ्योभ उनका मामाका छोरा वा भाइ थिए । निकितालाई लुनिन 'विश्वविद्यालय बराबर ज्ञान भएका' भन्थे । यिनै निकिताले क्रान्तिपछि रूसमा जारी गर्न भनेर एउटा संविधानको खेस्रा गरेका थिए । 'निकिता संविधान' मा बेलायतको जस्तो संवैधानिक राजतन्त्रको कल्पना गरिएको थियो ।

निकिताका काकाका छोरा सेर्गेइ र मात्भेइ अपोस्तल मुक्ति समाजका संस्थापक थिए । उनीहरू तीनभाइ थिए । कान्छाको नाम इप्पोलित थियो । उनीहरू पेरिसमा पढेलेखेका अब्बल युवा थिए । शिक्षकले उनीहरू नामी वैज्ञानिक बन्ने देखेका थिए । रूस र फ्रान्सको सम्बन्ध बिग्रेपछि उनीहरू स्वदेश फर्किनुपर्‍यो । उनीहरूको दिमाग भाँडिन्छ भनेर रूस नपुग्दासम्म आमाबुबाले उनीहरूलाई रूसमा भूदास प्रथा छ भनेका थिएनन् । देश फर्केपछि उनीहरू नेपोलियनविरुद्ध युद्धमा सहभागी भए र नाम कमाए । तल्लो दर्जाका सैनिकलाई पनि समान व्यवहार गर्ने हुनाले उनीहरू सेनामा लोकप्रिय भए । सेर्गेइलाई तोल्सतोयले 'जुनसुकै समयका एक उत्कृष्ट व्यक्ति हुन्' भनेका थिए ।

मिखाइल बेस्तुजेभ रुमिनलाई मुराभ्योभ अपोस्तल परिवारका अर्का भाइ भनिन्थ्यो । नवयुवा रुमिन भावुक थिए । उनले पोल्यान्ड र युक्रेनका गुप्त समाजीलाई रूसी गुप्त समाजसँग मिलाउन महत्त्वपूर्ण भूमिका खेले । उनी निषेधित क्रान्तिकारी साहित्य बोकेर घुमघाम गर्न रूचाउँथे । यसै क्रममा पाभेल पेस्तेलले उनलाई गुप्त समाजको दक्षिणी शाखामा राखे ।

कर्नेल पेस्तेलको व्यवहार कठोर थियो । उनी नेपोलियनविरोधी युद्धका वीर थिए । उनी अध्ययनशील थिए । उनले नयाँ रूसको लागि संविधानको खेस्रा गरेका थिए । त्यसलाई 'रूसको विधान' (रूस्काया प्राभ्दा) भनिन्छ । त्यो संविधानमा क्रान्तिपछि राजतन्त्र हटाउने र किसानलाई जमिन बाँड्ने बन्दोबस्त थियो । जर्नेल भोल्कोन्स्कीको बिहे हुँदा ससुराले गुप्त गतिविधिमा नलाग्ने सर्त राखेका थिए । पेस्तेलले सङ्गठनलाई बिहेभन्दा अगाडि राख्नुपर्ने बताए । जर्नेललाई नै मनाउने कर्नेल थिए पेस्तेल । यद्यपि, सेर्गेइ मुराभ्योभले दक्षिण युक्रेनबाट क्रान्ति थाल्नुपर्ने बताउँदा पेस्तेलले आँटेनन् । उनीजस्तै गणतन्त्रवादी भए पनि अत्यन्त फरक थिए उत्तरका कोन्द्राती रिलेयेभ । रिलेयेभ सैनिक अफिसर थिएनन् । कवि, न्यायकर्मी र छोरीका बाबु थिए । गुप्त समाजको उत्तरी शाखा पिटर्सबर्गमा थियो । निकिता र त्रुबेत्स्कोइ संवैधानिक राजतन्त्र पक्षधर थिए । तीनजनाको समितिमा रिलेयेभ एक्ला गणतन्त्रवादी थिए ।

डिसेम्बर विद्रोह असफल पनि हुनसक्ने उनलाई हेक्का थियो । उनी भन्थे, "रूसलाई मुक्त गर्ने प्रथम प्रयासको निम्ति हामीले मूल्य चुकाउनुपर्छ । सुतेका रूसी जनतालाई जगाउन एउटा उदाहरण पेश गर्नुपर्छ ।"

विद्रोहको तयारीका लागि रिलेयेभको घरमा बैठक बस्यो । योजना पक्को थिएन । यद्यपि, उनले भने, "जे होस्, हामी अघि बढ्नैपर्छ ।" सिनेट चोकमा राजाको हत्याको लागि काखोभ्स्कीलाई चुनियो । उनी एक्लोपन, अवलोकन र अध्ययनलाई आफ्नो गुरू भन्थे ।

१८२५ डिसेम्बर १४ को दिन । सिनेट चोकमा जार कोन्स्तान्तिनको पक्षमा नारा लगाउँदै सिनेट चोकमा ३ हजार विद्रोही सैनिक जम्मा भए । जेठो दाजु मरेपछि माइलो भाइ कोन्स्तान्तिनको नाममा उनीहरूले शपथ खाइसकेका थिए । माइलाले राजपाट नलिने भनेपछि साइँला निकोलस प्रथम राजा बन्न अघि सरेका थिए । यो कुरा नमान्ने निहुँमा विद्रोह भयो ।

सिनेट चोकमा निकोलाइ प्यानोभ निकै सक्रिय रहे । उनलाई एक महिनाअघि काखोभ्स्कीले सङ्गठनमा ल्याएका थिए । प्यानोभ पल्टनका प्रिय थिए । त्यसैले उनको आह्वानमा आफ्ना कर्नेलको पनि कुरा नसुनेर एक हजार सैनिक सिनेट चोकमा जम्मा भए । उनीहरूले चाहेको भए पिटर-पाउल किल्ला र राजदरबार कब्जा गर्न सक्थे, तोपको प्रयोग गरेर राजाको पल्टनलाई नष्ट गर्न सक्थे । तर, उनी कुनै क्रान्तिकारी कर्नेलको आदेश आउँछ कि भनेर पर्खी बसे । सिनेट चोक पुग्नुपर्ने कर्नेल त्रुबेत्स्कोइ आएनन् । मौकाको फाइदा उठाएर राजाको पल्टनले तोप चलायो र विद्रोह दबायो ।

ढिलै भए पनि विद्रोहको आगो दक्षिण पुग्यो । त्यसको नेतृत्व चेर्निगोभ्स्की पल्टनका दुई भाइ मुराभ्योभ, सुखिनोभ र बेस्तुजेभ रुमिनले गरेका थिए । उनीहरूलाई हुस्सार पल्टन लगाएर दबाइयो । त्यो पल्टनलाई 'डाँकाहरूलाई तह लगाउनू' भनेर पठाइएको थियो । पछि बुझ्दा हुसारहरूले क्रान्ति आफ्नै लागि गर्न खोजेको थाहा पाए । पहिल्यै थाहा पाएको भए 'दबाउने थिएनौँ' भने ।

डिसेम्बर १४ को रातबाट धरपकड सुरु भयो । नेभा नदीपारिको पिटर-पाउल किल्ला बन्दीले भरिँदै गयो । राजा निकोलसकै आदेशअनुसार बन्दीको बसोबास कष्टकर बनाउन कुनै कसर बाँकी राखिएन । बन्दीलाई रद्दी खाना दिइयो र साँघुरा कोठामा राखियो । बन्दी बिरामी भए, कोही पागल भए र केहीले आत्महत्याको प्रयास गरे । जेलको सबैभन्दा कुख्यात कालकोठरीमा रिलेयेभलाई राखियो । रिलेयेभले घटनाको दोषजति आफू एक्लैले लिए ।

उनी २१२ दिन केरकार र कानुनी कारबाहीपछि मरे । केरकारमा राजा आफैँ उपस्थित थिए । भनिन्छ, काखोभ्स्कीले रूसको व्यथा सुनाउँदा राजाको आँखा पनि रसाएको थियो । दक्षिणका विद्रोही नेतालाई सिक्रीले बाँधेर पिटर्सबर्ग ल्याइयो । सुखिनोभ भागिसकेका थिए । साथीहरूलाई एक्लै छोड्न नसकेपछि उनी आफैँले पक्राउ दिए । पेस्तेल विद्रोह हुनुभन्दा अगाडि नै समातिएका थिए । विद्रोहमा सहभागी नभए पनि राजालाई मार्ने नियत राख्नु उनको कसुर थियो । सेर्गेइ कुनै बेला राजाका साथी थिए । लडाइँमा घाइते हुनाले केरकारको बेला उनी बोल्नसक्ने स्थितिमा थिएनन् । रुमिनले 'क्रान्तिबारे सोच्ने नेताभन्दा क्रान्ति गर्नसक्ने नेताहरू धेरै महत्त्वपूर्ण हुने' भन्दै अरुलाई छाडी आफू एक्लैलाई सजाय दिन भने । उनको बयान जेलिएको हुनाले उनलाई सबैभन्दा गरुङ्गो नेल ठोकियो । खासमा उनी फ्रान्सेलीजस्तै रूसी भाषा फरर्र बोल्न सक्दैनथे ।

पोल्यान्डको वार्सामा रहेका लुनिन अधिराजकुमार कोन्स्तान्तिनका नजिकका मान्छे थिए । उनले सङ्गठन छोडेको ३ वर्ष पुगिकेको थियो । १० वर्ष अघि नै उनले राजाको हत्या गर्ने योजनामा विमति राखेका थिए । यद्यपि, सोही षड्यन्त्रको 'धमिलो नियत राखेको' आरोपमा उनलाई पिटर्सबर्ग झिकाइयो ।

सन् १८२६ को जून महिनामा सजाय सुनाइयो । त्यो दिन मुराभ्योभ दाजुभाइका बुबालाई सिनेट बोलाइएन । एक सिनेटर मोर्दभिनोभले मात्र सबैलाई सर्वस्वहरण गरेर कैदको सजाय दिन सिफारिस गरे । किनभने, रूसमा संविधानमात्र होइन, निश्चित कानुन पनि थिएन । अन्तत: पाँचजना क्रान्तिकारीले फाँसीको सजाय पाए ।

फाँसीको सम्पूर्ण व्यहोरा राजा आफैँले लेखेका थिए । त्यो सजाय एक किसिमले व्यवस्थित हत्या थियो । जुलाई १३ को बिहान फाँसीमा चढ्दै थिए सेर्गेइ मुराभ्योभ, रुमिन, पेस्तेल, रिलेयेभ र काखोभ्स्की । यीमध्ये सेर्गेइ धार्मिक प्रकृतिका थिए । त्यसैले मर्नुअघि यशु क्राइस्टले जस्तै उनले 'हे परमेश्वर राजा र रूसको रक्षा गर्नुहोला' भने । फाँसी दिँदा डोरी चुँड्यो । तीनजना क्रान्तिकारी भुइँमा खसे । सेर्गेइले 'हरे रूसको हविगत, यहाँ राम्ररी मर्न पनि पाइन्न' भने । रिलेयेभले 'तेस्रोचोटि पनि मार्नु त भएन नि, तानाशाहका लठैतहरूले अलि बलियो डोरी ल्याउनुपर्थ्यो' भने । डोरी चुँडेर खसेको स्थितिमा बाँचेका व्यक्तिलाई दोहोरो झुन्ड्याउन नपाउने कानुन थियो । तर, जर्नेल कुतुजोभले उनीहरूलाई फेरि झुन्ड्याए । राजाको योजनामा यति चुक हुन गयो ।

१२१ क्रान्तिकारीहरू सर्वस्व गुमाएर साइबेरियामा कारावास र निर्वासनमा पठाइए । सेनाका उच्च अफिसरहरूलाई गाडीको व्यवस्था थियो भने बाँकी सबै हिँडेर त्यहाँ पुगे । आफ्नो देश कति ठुलो छ भन्ने कुरा राजालाई पनि थाहा थिएन । हिँडेर साइबेरियाको बैकाल ताल आसपास पुग्न वर्षदिन लाग्थ्यो । यही क्रममा भाग्न खोज्दा सुखिनोभलाई मृत्युदण्ड दिइयो ।

क्रान्तिकारीहरूलाई केही वर्षको कारावास सजाय भयो । ११ जना क्रान्तिकारी चेलीहरूले साथ दिए । तिनको विषयमा एक कविले लेखे, "हाम्रो युगको तुच्छतालाई कम्तीमा तिनले पखाल्ने भए । ती महिलाहरू धन्य छन् । हाम्रो इतिहासमा तिनले केही गरिमामय हरफ लेख्दै छन् ।" हुनेखाने परिवारका ती चेलीहरूले साइबेरियाली जाडोमा निकै दु:खकष्ट सहनुपर्‍यो । कैदीहरूका परिवारको मनमा मलम लगाउन उनीहरूले निरन्तर चिठी लेखे । तिनको स्याहारसुसार गर्न चुलोचौको गरे, दाउरा चिरे र पँधेरो धाए । कैदीहरूको जीवन सहज बनाउन उनीहरूले प्रशासनसँग सङ्घर्ष गरे ।

कठोर कैद सजायपछि क्रान्तिकारीहरूलाई साइबेरियाका विभिन्न गाउँसहरमा निर्वासनमा राखियो । सरकारी निगरानी चले पनि क्रान्तिकारीहरूको जीवन अलि सहज भयो । केहीले बिहे गरे । केही कष्टपूर्ण मौसमका कारण मरे । यसैबिच लुनिनले साइबेरियामा 'नयाँ जीवन' सुरु गरे । उनले लेखे, "डिसेम्बर १४ को विद्रोह एक घटनाको रूपमा त्यति महत्त्वको छैन, तर एक सिद्धान्तको रूपमा यसको अपार महत्त्व छ ।" लुनिनले गोप्यरूपमा डिसेम्बर विद्रोहको इतिहास लेख्न थाले । यो कुरा राजाले चाल पाए । लुनिनलाई कुख्यात आकुतुइ खानीमा सड्न पठाइयो । त्यहाँ पनि उनको गोप्य कलम चलिरह्यो । त्यसैले राजाकै आदेशमा सात हत्याराको सहयोगमा एक सरकारी कर्मचारीले उनलाई घाँटी थिचेर मारे ।

लुनिनले अन्तिम समयसम्म पनि पत्रचार गरेका व्यक्ति थिए भोल्कोन्स्की । भोल्कोन्स्कीकी पत्नीलाई लुनिन बहिनी भन्थे । भोल्कोन्स्कीलगायत धेरै क्रान्तिकारीहरूले राजा निकोलससँग ककेसियाको लडाइँमा जान अनुमति मागेका थिए । तर, केहीले मात्र त्यो अनुमति पाए । साइबेरियाबाट दोस्रो खेपमा ककेसिया जान पाउने सात क्रान्तिकारीमध्ये एक थिए कुमार ओदोयेभ्स्की । ओदोयेभ्स्की पुरानो रूसी राजखलकका सन्तान थिए । उनी धेरै विदेशी भाषाका जानकार थिए । रूसी भाषा लेख्नमा कठिनाइ भए पनि उनी बोलेरै मीठा कविता लेख्थे । स्वभावले निकै शिष्ट र सरल थिए । क्रान्तिका लागि हाँसीहाँसी मर्न साहस गर्ने उनी क्रान्तिकारी ओजले धप्प बलेका प्रतीत हुन्थे ।

सन् १८२० को दशक क्रान्तिकारी पुस्ताको दशक थियो । तर, सन् १८४० को दशकबारे लुनिनकी बहिनीले दाजुलाई एक पत्रमा लेखिन्, "बालापन र युवापन नहुनु हाम्रो समयको ठुलो रोग बनेको छ । सबैजना उमेरअघि नै मनमनै बुढा हुन्छन् ।" बाहिरबाट साहित्यकार लेर्मोन्तोभ त्यस्तै युवा थिए । महाकवि पुश्किनको शोकमा कविता लेखेको निहुँमा उनलाई ककेसिया निर्वासनमा पठाइएको थियो । त्यही लेर्मोन्तोभसँग ओदोयेभ्स्कीको भेट भयो । लेर्मोन्तोभ अरूसँग त्यति खुल्दैनथे ।

ओदोयेभ्स्कीमा जोसुकैसँग घुलमिल गर्न सक्ने खुबी थियो । एक महिनाको सङ्गतमा लेर्मोन्तोभ ओदोयेभ्स्कीको व्यवहारबाट औधी प्रभावित भए । ओदोयेभ्स्कीको निधन भएपछि उनले जोखिम मोलेरै एउटा कविता लेखे । त्यतिबेला डिसेम्बर विद्रोहको नाम लिनु पनि खतरनाक विषय थियो । लेर्मोन्तोभ विद्रोहको सिद्धान्तले भन्दा पनि विद्रोहीको नैतिक बलले कायल भएका थिए । त्यसैले उनले 'भावी पुस्ताले ती विद्रोहीको झन्डा उचाल्ने' हरफ कोरे । ककेसियामा ओदोयेभ्स्कीबाट प्रभावित हुनेमा भौतिकवादी र समाजवादी क्रान्तिकारी ओगाोभ पनि थिए । उनी समाजवादी चिन्तक हर्जेनका मिल्ने साथी थिए ।

लुनिनको निधन (सन् १८४१) पछि डिसेम्बर विद्रोहबारे लेख्नेहरूको हात काँप्न थालेका थिए । राज्यले त्यस विद्रोहलाई सकेसम्म जनस्मृतिबाट लुकाउन चाहन्थ्यो । विद्रोहीहरू देशको मुटुबाट टाढा गइसकेका थिए । तर, सरकारी अधिकारीहरू घटनाबारे जानकार थिए । यिनैमध्ये एकजना कोर्फले डिसेम्बर विद्रोहको इतिहास लेखे । राजाका छोरालाई घटनाको जानकारी दिन त्यो रचना तयार भयो । समय ढल्दै जाँदा जनताले पढ्नका लागि त्यसका नयाँ संस्करणहरू छापिँदै गए ।

जनस्तरबाट डिसेम्बर विद्रोहको रामकहानी सन् १८५५ मा लन्डनमा छापियो । क्रान्तिकारी विचारहरूका कारण राज्यबाट सजाय पाइसकेका हर्जेन लन्डन गए र त्यही बसोबास गर्न थाले ।

बाँकी पृष्ठ ७ मा

# संयुक्त राष्ट्रसङ्घद्वारा प्रतीकात्मकरूपमा प्यालेस्टिनी सदस्यताको पक्षमा मतदान



संयुक्त राष्ट्रसङ्घ, ११ मे ( एएफपी) । संयुक्त राष्ट्रसङ्घीय महासभाले शुक्रबार प्यालेस्टिनीहरूलाई विश्वव्यापी निकायमा थप अधिकार प्रदान गर्न भारी मतदान गरी पूर्ण सदस्यताका लागि उनीहरूको अभियानलाई समर्थन गरेको छ। उक्त अभियानलाई संयुक्त राज्य अमेरिकाले अवरुद्ध गरेको छ।

राष्ट्रसङ्घका लागि इजरायली राजदूत गिलाड एर्डानले ठूलो मात्रामा प्रतीकात्मक मतदानप्रति रुष्ट प्रतिक्रिया दिनुभयो। संयुक्त राष्ट्रका लागि प्यालेस्टिनी राजदूत रियाद मन्सुरले यो ऐतिहासिक प्रक्रिया भएको बताउनुभयो गाजामा युद्ध बढ्दा प्यालेस्टिनीहरूले अप्रिलमा सन् २०११ मा राष्ट्रसङ्घको पूर्ण सदस्य बन्न गरेको अनुरोध पुन: सुरु गरे। उनीहरूको हालको अवस्था 'गैर-सदस्य पर्यवेक्षक राज्य' छ। यस पहललाई सफल बनाउन संयुक्त राष्ट्र सुरक्षा परिषद्को हरियो बत्ती र महासभामा दुईतिहाइ बहुमतको आवश्यकता थियो।

यद्यपि, सुरक्षा परिषद्मा भिटो प्राप्त पाँच सदस्यमध्ये एक र इजरायलको सबैभन्दा नजिकको सहयोगीका रूपमा रहेको अमेरिकाले अप्रिल १८ मा यसलाई अवरुद्ध गर्यो।

शुक्रबारको मतदानअघि प्यालेस्टिनी राजदूत मन्सुरले यस मञ्चमा पहिले सयौँपटक उभिएको बताउँदै यस्तो महत्त्वपूर्ण मतका लागि कहिल्यै नउभिएकोले यो अवसर ऐतिहासिक भएको बताउनुभयो। "प्यालेस्टिनले स्वतन्त्र मुलुकहरूको समुदायमा आफ्नो उचित स्थान लिने दिन आउने छ," उहाँले भन्नुभयो।

इजरायली राजदूत एर्डानले संयुक्त राष्ट्रको बडापत्रको दुरूपयोग भइरहेको बताउनुभयो। उहाँले नयाँ उदाहरणका साथ यहाँ आइएसआइएस वा बोको हरामका प्रतिनिधिहरू देख्न सकिने दुई जिहादी समूहलाई उल्लेख गर्नुभयो।

उहाँले आतङ्कवादीद्वारा पहिले नै आंशिकरूपमा नियन्त्रित रहेको संस्थालाई राज्यको अधिकार दिने र बाल-हत्या गर्ने हमास बलात्कारीहरूको शक्तिले प्रतिस्थापन गर्ने बताउनुभयो।

संयुक्त राज्य अमेरिकाले प्यालेस्टिनी र इजरायलबिचको द्विपक्षीय सम्झौता बाहिर राज्यको कुनै पनि मान्यता र दक्षिणपन्थी सरकार दुई-राज्य समाधानको कडा विरोध गर्दछ।

प्रस्ताव पारित भएपछि संयुक्त राष्ट्रका लागि अमेरिकी उपराजदूत रोबर्ट वुडले भन्नुभयो, "हाम्रो मतले प्यालेस्टिनी राज्यको विरोधलाई प्रतिबिम्बित गर्दैन, यो अमेरिकाको दृष्टिकोण हो, संयुक्त राष्ट्रमा र भूमिमा एकपक्षीय उपायले यस लक्ष्यलाई अगाडि बढाउँदैन।"

प्रस्तावले सेप्टेम्बरमा हुने महासभाको अर्को सत्रमा प्यालेस्टिनीहरूलाई अतिरिक्त अधिकार तथा सुविधाहरू प्रदान गर्नेछ।

# पाकिस्तानी अर्थतन्त्रमा उच्च गिरावटको जोखिम रहेको आइएमएफको चेतावनी

इस्लामाबाद (पाकिस्तान), ११ मे (एएनआई)। अन्तर्राष्ट्रिय मुद्राकोष (आइएमएफ) ले पछिल्लो रिपोर्टमा उच्च नकारात्मक जोखिमलाई उजागर गर्दै पाकिस्तानको आर्थिक भविष्यका बारेमा कडा चेतावनी जारी गरेको छ।

नयाँ दीर्घकालीन कार्यक्रममा पाकिस्तानी सरकार र आइएमएफबिच वार्ता हुनुअघि जारी गरिएको प्रतिवेदनले देशको स्थिरता र यसले सामना गर्ने चुनौतीको चिन्तालाई जोड दिएको छ।

आइएमएफ स्टाफ रिपोर्टअनुसार नकारात्मक जोखिम उच्च छन्। नयाँ सरकारले एसबीए (स्ट्यान्डबाइ व्यवस्था) नीतिहरू जारी राख्ने सहानुभूति देखाएको भए पनि राजनीतिक अनिश्चितता महत्त्वपूर्ण रहेको छ।

आइएमएफले नीति निर्माणमा गहिरो प्रभाव पार्ने जीवनयापनको उच्च लागत र अन्य राजनीतिक जटिलतालाई ध्यानमा राख्दै अघि बढ्नुपर्ने चेतावनी जारी गरेको छ।

बाह्य वित्तपोषणमा कमी आएसँगै नीतिगत गिरावटले ऋण दिगोपनतर्फको पाकिस्तानी प्रगतिलाई पछाडि हटाई विनिमय दरमा दबाब दिन सक्ने आइएमएफले चेतावनी दिएको छ।

यसबाहेक, बाह्य स्थिरता वस्तुको उच्च मूल्य, ढुवानी अवरोध र कडा विश्वव्यापी वित्तीय अवस्थाजस्ता कारक खतरामा भएकाले राष्ट्रको वित्तीय चुनौतीलाई बढाउन सक्ने डन पत्रिकाले जनाएको छ।

वर्तमान परिस्थितिलाई जोड दिँदै आइएमएफले कार्यक्रमपछिको बाह्य वित्तपोषणको समयमै वितरणको महत्त्वलाई जोड दिन्छ। पाकिस्तानले हालै तीन अर्ब डलरको कार्यक्रम सम्पन्न गरेको छ भने प्रधानमन्त्री शाहबाज सरिफले आर्थिक समस्यालाई सम्बोधन गर्न दीर्घकालीन व्यवस्थाको आवश्यकतालाई जोड दिनुभएको छ।

गत वर्षको गर्मीमा डिफल्ट हुन मुस्किलले बचेपछि त्यसयता पाकिस्तानको अर्थतन्त्र स्थिर भएको छ र मुद्रास्फीति मेमा ३८ प्रतिशतको उच्च रेकर्डबाट अप्रिलमा करिब १७ प्रतिशतमा झरेको छ। यद्यपि, उच्च वित्तीय स्थिरताले गर्दा चुनौती जारी छन्। यो गत वर्षको नकारात्मक वृद्धिको तुलनामा यस वर्ष करिब दुई प्रतिशत कमी हुने अनुमान गरिएको छ।

चुनौतीलाई सम्बोधन गर्न पाकिस्तानले आइएमएफबाट कम्तीमा छ अर्ब डलर मागसहित लचिलोपन र स्थिरता ट्रस्टअन्तर्गत कोषबाट थप वित्तपोषणको अनुरोध गर्ने अपेक्षा गरिएको डनले जनाएको छ।

## चाडका ६० लाख मानिसका लागि खाद्यान्न सहयोग आवश्यक : राष्ट्रसङ्घ

संयुक्त राष्ट्रसङ्घ, ११ मे ( सिन्हुवा)। छिमेकी सुडानबाट पाँच लाख शरणार्थीको आतिथ्यता गरेको चाडलाई आफ्ना एक करोड ८० लाख जनसङ्ख्यामध्ये एकतिहाइका लागि खाद्य सुरक्षा तथा पोषण सहायता आवश्यक रहेको संयुक्त राष्ट्रसङ्घीय मानवतावादीहरूले बताएका छन्।

मानवीय मामिला समन्वयका लागि संयुक्त राष्ट्रसङ्घीय कार्यालय (ओसीएच) ले जलवायु परिवर्तन, असुरक्षा र खाद्यान्न तथा इन्धनको मूल्यवृद्धिबाट देशभरको अवस्था बिग्रिएको जनाएको छ।

मार्चदेखि चाडले दक्षिणमा मुसलधारे वर्षा र बाढीको सामना गरिरहेको छ। शरणार्थीहरूले देशको पूर्वमा मानवीय अवस्थालाई उल्लेखनीयरूपमा असन्तुलित बनाएका छन् भने चाडमा गैरराज्य सशस्त्र समूहको आक्रमणले थप विस्थापन निम्त्याइरहेको छ।

# इराकद्वारा सन् २०२५ सम्ममा राष्ट्रसङ्घीय मिसन छाड्न आह्वान

संयुक्त राष्ट्रसङ्घ, ११ मे (एएफपी)। इराक सरकारले संयुक्त राष्ट्रसङ्घलाई सन् २०२५ सम्ममा देशमा दशकौँ लामो समयदेखि कायम रहेको राजनीतिक मिसन समाप्त गर्न आग्रह गरेको एएफपीले जनाएको छ। इराकले अब राष्ट्रसङ्घीय सेना आवश्यक नरहेको बताएको छ।

सुरक्षा परिषद्मा पठाइएको दस्तावेजमा इराकी प्रधानमन्त्री मोहम्मद सिया अल-सुदानीले क्रमश: इराकी सरकारहरूद्वारा 'सकारात्मक घटनाक्रम र उपलब्धिहरू' का साथै संयुक्त राष्ट्र मिसनको जनादेशको पूर्ति भएको बताउनुभयो

सन् २००३ देखि अस्तित्वमा रहेको इराकका लागि संयुक्त राष्ट्र सहायता मिसन (युएनएएमआई) ले विविध चुनौती पार गरेको र अब इराकमा राजनीतिक मिसन हुने आधारहरू विद्यमान नरहेको बताउनुभयो।

सन् २०२५ डिसेम्बर ३१ को अन्तिम मितिका लागि आह्वान गर्दै अल-सुदानीले यस बिचमा मिसनले 'आर्थिक सुधार, सेवा प्रावधान, दिगो विकास, जलवायु परिवर्तन र अन्य विकास क्षेत्रहरू' सम्बन्धी मुद्दाहरूमा मात्र ध्यान केन्द्रित गर्नुपर्ने बताउनुभयो।

युएनएएमआईको स्थापना सन् २००३ मा इराकी सरकारको अनुरोधमा राष्ट्रसङ्घीय सुरक्षा परिषद्को प्रस्तावद्वारा भएको थियो। यसलाई चार वर्षपछि विस्तार गरिएको थियो। यसलाई हरेक वर्ष नवीकरण गरिन्छ।

मिसनले सरकारलाई राजनीतिक संवाद र मेलमिलापका साथै निर्वाचन र सुरक्षा क्षेत्रको सुधारमा सहयोग गर्ने सल्लाह पनि दिन्छ। वर्तमान जनादेश यस महिनाको अन्त्यमा समाप्त हुने भएकाले सुरक्षा परिषद्ले अर्को हप्ता मिसनको नवीकरणमा बहस गर्नेछ।

सन् २०२३ मेमा मिसनको अन्तिम नवीकरणका क्रममा सुरक्षा परिषद्ले महासचिवलाई रणनीतिक समीक्षा सुरु गर्न आग्रह गरेको थियो। यसको निरीक्षण जर्मन कूटनीतिज्ञ भोल्कर पर्थेसले गर्नुभएको थियो।

मार्चमा जारी रिपोर्टमा पर्थेसले जनादेशको अन्त्य उचित हुन सक्ने सङ्केत गर्नुभयो। मिसनको समापनका लागि सरकारले पहिचान गरेको दुई वर्षको अवधि थप प्रगति गर्न पर्याप्त समय सीमा हुने उहाँको निष्कर्ष छ।

उहाँले यस अवधिले अनिच्छुक इराकीहरूलाई विश्वास दिलाउन पर्याप्त समय प्रदान गर्ने भएकाले लोकतान्त्रिक लाभसहितको शान्ति र सुरक्षालाई संरक्षण गर्ने बताउनुभयो।

## विश्व सङ्क्षेप

### अर्जेन्टिनाको राजधानीमा रेल दुर्घटना घाइते ६० जना अस्पतालमा

ब्युनस आयर्स, ११ मे (एएफपी)। ब्युनस आयर्समा शुक्रबार एउटा यात्रुवाहक रेल मर्मतसम्भार गर्ने रेलसँग ठोक्किँदा घाइते करिब ६० जनालाई अर्जेन्टिनाको राजधानीको अस्पतालमा पठाइएको अधिकारीहरूले बताएका छन्। घाइतेमध्ये टाउकोमा चोट लागेका दुई जनाको अवस्था गम्भीर रहेको छ।

दुर्घटना स्थानीय समयानुसार बिहान १०:३० बजे पालेर्मोको उपनगरमा भएको थियो। सात डिब्बा भएको यात्रुवाहक रेल एक रेलवे पुलको ट्र्याकमा मर्मत गर्ने ट्रेनसँग ठोक्किएको थियो।

रेलवे कम्पनीले एक विज्ञप्तिमार्फत लोकोमोटिभ र पहिलो यात्रुवाहक डिब्बा पटरीबाट खसेको जानकारी गरायो।

आपत्कालीन अधिकारीहरूले दुर्घटनापछि ३० जनालाई अस्पताल लगिएको रिपोर्ट गरको बताएका छन्। यद्यपि, त्यस सहरका स्वास्थ्य अधिकारीहरूले दिनको अन्त्यमा त्यो सङ्ख्या ५७ पुगेको अपडेट गरेका छन्।

गम्भीर घाइते दुई जनालाई टाउकोमा चोट लागेको र उनीहरूलाई हेलिकप्टरबाट अस्पताल लगिएको आपत्कालीन सेवा अधिकारी अल्बर्टो क्रिसेन्टीले भन्नुभयो। उहाँले अन्य अधिकांश पीडित शुक्रबार साँझसम्म डिस्चार्ज भइसकेको जानकारी गराउनुभयो। समाचार तस्बिरहरूले रेलको डिब्बा एक छेउमा खोलिएको र रेलवे पुलको धातु रेलिङहरूमा झुकेको देखाएको छ। यो यात्रु वा मर्मतसम्भार ट्रेनको गाडी हो भन्ने स्पष्ट थिएन।

### रुसी आक्रमणपछि युक्रेनको सीमा क्षेत्रबाट सयौँ मानिस विस्थापित

किएभ, ११ मे (एएफपी)। मस्कोले भूमिगत आक्रमण सुरु गरेको एक दिनपछि युक्रेनको खार्किभ क्षेत्रमा रुसी सीमा नजिकका क्षेत्रहरूबाट सयौँ मानिसलाई विस्थापित गरिएको क्षेत्रीय गभर्नरले शनिबार बताउनुभएको छ।

गभर्नर ओलेग सिनेगुबोभले सामाजिक सञ्जालमार्फत कुल एक हजार सात सय ७५ लाई सुरक्षित स्थानमा सारिएको र पछिल्लो २४ घण्टामा यस क्षेत्रका ३० वटा बस्तीमा रुसी तोपखाना र मोर्टार आक्रमण भएको उल्लेख गर्नुभयो।

### कम्बोडियाद्वारा 'ई-चुरोट' को सेवनबाट स्वास्थ्य खतराबारे चेतावनी

नोमपेन्ह, ११ मे (सिन्हुवा)। कम्बोडियाको स्वास्थ्य मन्त्रालयले शनिबार मानिसहरूलाई विशेषगरी युवाहरूलाई 'ई-चुरोट' सेवन नगर्न आह्वान गरेको छ। यसमा निकोटिनको उच्चस्तर हुन्छ जसले प्रयोगकर्ताहरूको स्वास्थ्यमा गम्भीर असर पार्न सक्छ।

ई-चुरोट वा भ्याप ब्याट्री-सञ्चालित यन्त्र हो। मन्त्रालयको विज्ञप्तिअनुसार यसले प्रयोगकर्ताहरूले श्वास लिने एरोसोलमा विशेष तरल पदार्थलाई तताउँछ।

ई-चुरोटमा ठूलो मात्रामा निकोटिन हुन्छ र एक अत्यधिक लत लगाउने पदार्थ पनि हो। विज्ञप्तिमा ई-चुरोट सेवन गर्नेहरूले फोक्सोको रोग, फोक्सोको क्यान्सर, हृदय रोग र मस्तिष्कको विकासमा क्षतिको उच्च जोखिम सामना गर्न सक्ने उल्लेख छ। गर्भवतीहरूका लागि ई-चुरोट भेपरले गर्भमा रहेको बच्चाको विकासलाई असर गर्छ।

लागुऔषध विरुद्धको राष्ट्रिय प्राधिकरणले सन् २०१४ देखि ई-चुरोट र सिसाको आयात, व्यापार र प्रयोगमा प्रतिबन्ध लगाएको छ। तर, केही अवसरवादीहरूले अझै पनि यी उत्पादनहरू बिक्री गर्ने गरेका छन्।

वास्तवमा ई-चुरोट चुरोटको लत छाड्ने यन्त्र होइन। यसले प्रयोगकर्ताको स्वास्थ्य, उनीहरूको परिवार र समाजमा साँच्चै खतराहरू निम्त्याएको छ।

स्वास्थ्य मन्त्रालयले ई-चुरोटको आयात, व्यापार र प्रयोगलाई नियन्त्रण गर्न र ई-चुरोट सेवनबाट स्वास्थ्यमा पार्ने असरबारे जनचेतना जगाउन सबै तहका सम्बन्धित अधिकारीहरूलाई आग्रह गरेको छ। यस मुलुकमा विशेषगरी युवाहरूमा ई-चुरोटको प्रयोग बढेपछि मन्त्रालयबाट उक्त चेतावनी आएको हो।

### जङ्गलमा लागेको डढेलोले पश्चिमी क्यानाडाका दुई समुदायलाई आपत्कालीन चेतावनी

ओटावा, ११ मे (सिन्हुवा)। क्यानाडाको पश्चिमी प्रान्त अल्बर्टामा जङ्गलमा लागेको नियन्त्रणबाहिरको डढेलोका कारण दुई समुदायका लागि शुक्रबार राति निकासीको चेतावनी जारी गरिएको छ।

उक्त दुई समुदाय 'फोर्ट म्याकमुरे' र 'सप्रे क्रिक एस्टेट' का थिए। आगो हाल फोर्ट म्याकमुरेको २५ किलोमिटर दक्षिणपश्चिममा रहेको र धुवाँले फोर्ट म्याकमुरेको दक्षिणी राजमार्ग ६३ मा दृश्यतालाई असर गर्न सक्छ।

प्रभावित क्षेत्रका बासिन्दाहरूलाई छोटो सूचनामा खाली गर्न तयार रहन जानकारी दिइयो। क्यानाडाली इन्टरएजेन्सी फरेस्ट फायर सेन्टरका अनुसार शुक्रबार देशभर एक सय १७ वटा आगो सक्रियरूपमा लागिरहेको छ र तीमध्ये ३३ वटा नियन्त्रण बाहिर रहेका छन्।

क्यानाडा सरकारले देशभर सामान्यभन्दा माथिको तापक्रमले ठूलो जङ्गली डढेलोको जोखिम निम्त्याउन सक्ने बिहीबार चेतावनी दिएको छ। सन् २०२३ मा क्यानाडाको डढेलोको सिजन रेकर्डमा सबैभन्दा विनाशकारी हो।

क्यानाडाको राष्ट्रिय फायर डाटाबेसका अनुसार सन् २०२३ मा देशभर सात हजार एक सय ३१ आगलागी हुँदा १७ करोड दुई लाख तीन हजार छ सय २५ हेक्टर जमिन जलेको थियो।

# कसरी बनाउन सकिन्छ जिम्मेवार पर्यापर्यटन ?

✍ भीष्मराज ओझा

काठमाडौँ । नेपालको पर्यटन क्षेत्र तुलनात्मक र प्रतिस्पर्धात्मक लाभका दृष्टिले आर्थिक विकासको प्रमुख आधार हो । नेपालका पर्यटकीय क्षेत्रमध्ये अधिकांश पर्यटकको रोजाइमा पर्नुको मुख्य कारण पर्यापर्यटन नै हो ।

यहाँ आउने विदेशी पर्यटकमध्ये ६० प्रतिशतले संरक्षित क्षेत्रको भ्रमण गर्ने गरेका छन् । नेपालको पर्यटन नीतिले पर्यावरणीय, पर्वतारोहण, पदयात्रा, जलयात्रा, व्यावसायिक, साहसिक, सांस्कृतिक, धार्मिक, खेलकुद, क्यासिनो, चलचित्र, शैक्षिक, स्वास्थ्य, कृषिलगायत विविध पर्यटन क्षेत्र निर्धारण गरेको छ ।

नेपालमा संरक्षित क्षेत्रहरू आन्तरिक तथा बाह्य पर्यटकका लागि प्रमुख गन्तव्य स्थानको रूपमा रहेका छन् । अधिकांश पर्यटकको रोजाइमा पर्ने पर्यापर्यटन संरक्षण र व्यवस्थापनका दृष्टिले संवेदनशील छन् । यसको दिगो व्यवस्थापनका लागि सम्बद्ध पक्ष सबैले आफ्नो जिम्मेवारी इमानदारीपूर्वक निर्वाह गर्नु आवश्यक छ ।

राष्ट्रिय निकुञ्ज तथा संरक्षण विभागका उपमहानिर्देशक एवं प्रवक्ता वेदकुमार ढकालले वातावरणीय र स्थानीय सामाजिक जीवनसँग रमाउने पर्यटकले पर्यापर्यटकीय क्षेत्रको भ्रमण गर्ने गरेको बताउनुभयो । उहाँका अनुसार हाल भइरहेको वातावरण तथा सामाजिक अवस्थामा पनि केही नबिगारी त्यसैमा रमाउने गरी पर्यापर्यटनको परिकल्पना गरिएको हो । यसमा घरबास 'होमस्टे' र साना लजलाई पनि लिन सकिन्छ ।

प्रवक्ता ढकालले भन्नुभयो, "पर्यापर्यटनलाई दिगो बनाउन सबैको जिम्मेवारी उत्तिकै महत्त्वपूर्ण हुन्छ । आवश्यक पर्ने ट्रेकिङ रुटलगायत न्यूनतम् सुविधा तथा पूर्वाधार सरकारले बनाई दिनुपर्छ, पर्यापर्यटनमा स्थानीय संस्कृति, जैविक विविधता, वन्यजन्तु, भौगोलिक बनावट, साहसिक यात्राका विषय जोड्नुपर्छ । सम्बद्ध व्यावसायीले उचित सत्कार, व्यवहार तथा नियमकानुन र आचारसंहिताको पालना गर्नुपर्छ, पर्यटकले पनि आफूसँगको फोहर जथाभावी फाल्ने, जा पायो त्यहीं गाडी रोक्ने, भर्ने गर्नुहुँदैन, तोकेको भन्दा छुट्टै बाटो हिँड्नु हुँदैन ।"

पर्यापर्यटनलाई दिगो संरक्षण गर्न गुणस्तरीय पर्यटनलाई जोड दिनुपर्ने आचारसंहिता बनाएर लागू गर्नुपर्ने प्रवक्ता ढकालको भनाइ छ । पर्यटनलाई मुलुकको आर्थिक आधारका रूपमा ग्रामीण तहसम्म विकास र विस्तार गरी यसको प्रतिफल जनजीवनको तल्लो तहसम्म पुर्याउन पर्यटन क्षेत्रको विविधीकरण, विस्तार र प्रवर्द्धन गरिनु आवश्यक रहेको उहाँले बताउनुभयो ।

नेपाल पर्यटन बोर्डका निर्देशक एवं प्रवक्ता मणि लामिछानेका अनुसार सन् २०२३ मा नेपालमा विभिन्न देशबाट कुल १० लाख १४ हजार आठ सय ८२ पर्यटक आएका थिए । त्यसमध्ये सबैभन्दा धेरै क्रमश: भारत, संयुक्त राज्य अमेरिका, चीन, संयुक्त अधिराज्य र अष्ट्रेलियाबाट आएका हुन् । विदेशी पर्यटकमध्ये तीन लाख आठ सय ७५ जनाले निकुञ्ज तथा संरक्षित क्षेत्रको भ्रमण गरेको उहाँले जानकारी दिनुभयो ।

सोबाहेक एक लाख १८ हजार पाँच सय ३१ जनाले पशुपतिनाथको दर्शन गरेका थिए भने ८५ हजार दुई सय ३२ जनाले लुम्बिनीको भ्रमण गरेका बोर्डका निर्देशक लामिछानेले बताउनुभयो । तीन हजार ९४ ले मनास्लु, एक हजार एक सय ९८ ले मुस्ताङ, एक सय ७८ ले हुम्ला, तीन सय ६५ ले तल्लो डोल्पा, चार सय पाँचले कञ्चनजङ्घा र एक सय ४५ जनाले माथिल्लो डोल्पाको पैदल यात्रा गरेका उहाँले जानकारी दिनुभयो । त्यसबाट सरकारलाई ५४ करोड ८२ लाख अमेरिकी डलर राजस्व आम्दानी भएको पर्यटन बोर्डले जनाएको छ ।



आर्थिक वर्ष २०७९/८० मा संरक्षित क्षेत्रमा भ्रमण गर्ने स्वदेशी तथा विदेशी पर्यटकको सङ्ख्या नौ लाख ३२ हजार पाँच सय ३२ रहेको थियो । त्यसमध्ये विश्व सम्पदा सूचीमा सूचिकृत चितवन राष्ट्रिय निकुञ्जमा मात्र दुई लाख ९२ हजार तीन सय ९२ पर्यटकले भ्रमण गरेका थिए ।

चितवन राष्ट्रिय निकुञ्ज कार्यालयका प्रमुख डिलबहादुर पुर्जा पुनले जिम्मेवार र दिगो पर्यापर्यटनका लागि स्थानीय र सम्बन्धित व्यवसायी पनि उत्तिकै उत्तरदायी हुनुपर्ने बताउनुभयो । पर्यटन क्षेत्रले विदेशी मुद्रा आर्जन, रोजगारी सिर्जना, आर्थिक क्रियाकलाप अभिवृद्धि र समग्र आर्थिक विकासमा टेवा पुर्‍याउँदै आएको उहाँको भनाइ छ ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले विदेशी पर्यटकको सङ्ख्यामा वृद्धि, पर्यटकको नेपाल बसाइँ लम्ब्याउने, प्रतिपर्यटक प्रतिदिनको खर्चमा बढोत्तरी गर्ने तथा आन्तरिक पर्यटनको विकास गर्ने उद्देश्यका साथ काम गरिरहेको जनाएको छ । मन्त्रालयका उपसचिव एवं सूचना अधिकारी रामकृष्ण श्रेष्ठले भन्नुभयो, "मन्त्रालयको क्षेत्राधिकारमा रहेको जिम्मेवारी कुशलतापूर्वक एवं उत्तरदायी ढङ्गले सम्पादन हुँदै आएका छन् । पर्यटन नीतिले नै वातावरणमैत्री पर्यटन व्यवसाय सञ्चालन गर्ने व्यवसायीलाई प्रोत्साहित/पुरस्कृत गर्ने उल्लेख गरेको छ ।"

विद्यमान जैविक विविधता एवं वन्यजन्तु अवलोकनलाई पर्यटकीय उपजको रूपमा विकास, विस्तार र प्रवर्द्धन गरिने, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तुतर्फ आकर्षित उच्च आय वर्गका पर्यटकलाई ग्रामीण पर्यटनतर्फ आकर्षित गरिने उपायको अवलम्बन गरिने सरकारको नीति छ ।

पदयात्रा मार्ग, आधार शिविर तथा हिमाललाई सफा र प्रदूषणमुक्त बनाउन सरकारी, गैरसरकारी तथा निजी क्षेत्रबाट भएका प्रयासलाई प्रभावकारी र नियमित बनाइने नीतिगत व्यवस्था रहेको मन्त्रालयका सूचना अधिकारी श्रेष्ठले उल्लेख गर्नुभयो ।

चितवनको सौराहास्थित रोयल लक्जरी रिसोर्टका प्रबन्ध निर्देशक राजकुमार अधिकारीले काम गर्ने अवसर खोजिरहेका व्यवसायीलाई सरकारी तहबाट वातावरण बनाइदिनुपर्ने बताउनुभयो । "सरकारले नयाँ नयाँ गन्तव्य पहिचान गरी आवश्यक पूर्वाधार निर्माण गरिदिनुपर्ने, बिजुली, खानेपानी, सुरक्षा तथा कानुनीजस्ता अति आवश्यक व्यवस्था गरिदिनुपर्छ । अनि सरकारले नियमन गर्ने हो, हामीजस्ता निजी क्षेत्रले लगानी गर्नुपर्छ," उहाँले भन्नुभयो ।

पर्यटनसँग सम्बन्धित सरोकारवाला तीनै तहका सरकार, व्यवसायी, स्थानीय जनता र पर्यटक सबै यसमा जिम्मेवार हुनु पनि त्यतिकै आवश्यक रहेको प्रबन्ध निर्देशक अधिकारीको भनाइ छ । पर्यटन क्षेत्रको विकास र प्रवर्द्धनलाई व्यवस्थित ढङ्गले अगाडि बढाउन तथा दिगो बनाउन पनि जिम्मेवारी निर्वाह आवश्यक छ ।

ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल (टान) का महासचिव विनोद सापकोटाले पर्यापर्यटनलाई थप दिगो र जिम्मेवार बनाउन दीर्घकालीन योजनाका साथ यसबारेमा तथ्याङ्क र सूचनाका लागि सहज र प्रभावकारी संयत्र बनाउनुपर्नेमा जोड दिनुभयो ।

उहाँले भन्नुभयो, "स्थानीय पैदल यात्राका रुट मासिने क्रमलाई रोक्नुपर्छ, पर्यटन सन्तुष्ट हुने गरी आवश्यक तयारी गरेर नयाँ नयाँ गन्तव्य पहिचान गरी सार्वजनिक गर्नुपर्छ । व्यवसायीका तर्फबाट नयाँ गन्तव्यमा लगानी तथा प्रचार गर्न काम गर्नुपर्छ । स्थानीय जनताको अपनत्व हुने गरी सरकारले नयाँ गन्तव्य निर्धारण गर्नुपर्छ ।" ट्रेकिङ रुटमा सडक पुग्दा र अगाडिको अवस्थाका बारेमा अध्ययन गर्नुपर्ने साथै वातावरणमैत्री सवारी साधन, चुलोलगायत सामग्री प्रयोगमा बढाउनुपर्ने महासचिव सापकोटाको सुझाव छ । ***रासस***

---

**जारविरुद्ध...**


त्यहीबाट उनले साथी ओगोभसँग मिलेर 'ध्रुवतारा' नामक पत्रिका निकाले । त्यसको पहिलो अङ्क डिसेम्बर विद्रोह विशेष थियो । हर्जनले विद्रोहसँग सम्बन्धित व्यक्तिहरूसँग गोप्य सम्पर्क राखे । पुराना कविता, लेख र संस्मरणहरू संकलन गरेर उनले 'ध्रुवतारा' का अन्य संस्करणहरूमा छाप्न थाले । लेखरचना लन्डन पुर्‍याउने र नयाँ अङ्क रूसमा वितरण गर्ने काम गोप्य तवरले गरिन्थ्यो । 'ध्रुवतारा' सँगै हर्जनले 'घण्टा' नामक अखबार पनि निकाले ।

नयाँ राजा अलेक्सान्द्र द्वितीय सत्तामा आएपछि उनले डिसेम्बर विद्रोहीहरूलाई आममाफी दिए । उनले विद्रोहबारे लेखिएको कोर्फको पुस्तकलाई देशीविदेशी भाषामा छपाएर प्रचार गर्न लगाए । हर्जेन र ओगायोभले राज्यको झूटो प्रचारबाजीविरुद्ध लन्डनबाट लगातार सङ्घर्ष गर्दै गए ।

सन् १८६० को दशकको पुस्तामा पुन: नवीन उमङ्ग पलाइसकेको थियो । ३० वर्ष निर्वासनमा बिताएपछि विद्रोहीहरू फर्किन थालेका थिए । 'ध्रुवतारा' ले नयाँ माहोल बनाउँदै थियो । निर्वासनबाट फर्केका मात्भेइ र भोल्कोन्स्कीले मात्र होइन नयाँ पुस्ताका लेखक लेभ तोल्सतोयले पनि 'ध्रुवतारा' पढे । तोल्सतोय डिसेम्बर विद्रोहबारे गहिरो अध्ययनमा जुटेका थिए । सन् १८५६ देखि नै उनी यस विषयमा केही लेख्ने सोच्दै थिए । अध्ययनको क्रममा उनले निर्वासनबाट फर्केका क्रान्तिकारीहरूलाई भेटे र उनीहरूको मनोदशा केलाउन खोजे ।

तोल्सतोय 'डिसेम्बरवादी' नामक उपन्यास लेख्न बसे । लेख्दै गर्दा पाठकलाई ती विद्रोहीको विकासक्रम बुझाउनुपर्ने देखे । यसका लागि उनले अर्को उपन्यास 'युद्ध र शान्ति' लेखे र सन् १८२० डिसेम्बरसम्मका घटना विवरण एवम् क्रान्तिकारीहरूको वैचारिक विकासको चित्रण गरे । सो उपन्यासबाट उनले नाम कमाए । सन् १८७७ मा उनी पुन: 'डिसेम्बरवादी' उपन्यास लेख्न बसे । यसको लागि उनले सरकारको गोप्य अभिलेखालय हेर्ने स्तासोभसँग पत्राचार गरे । उनले केही लुकेका तथ्यहरू फेला पारे । तर पनि उनलाई आफूसित पर्याप्त जानकारी नभएको लागिरह्यो । डिसेम्बरवादीहरूको उदात्त व्यक्तित्व र पवित्र उद्देश्यबाट उनी औधी प्रभावित थिए । तर, हिंसात्मक उपायमा उनको विरोध रहिरह्यो । यही अलमलबिच 'डिसेम्बरवादी' उपन्यास अधुरो रह्यो ।

डिसेम्बर विद्रोह हुँदैनथ्यो भने तोल्सतोयको उपन्यास 'युद्ध र शान्ति' जन्मिने थिएन । त्यो विद्रोहबिना रूसी महाकवि पुश्किनले उचाइ छुने थिएनन् भनी 'जारविरुद्ध षड्यन्त्र' का लेखक दाबी गर्छन् । पुश्किन विद्रोही चेतका अग्रदूत थिए । डिसेम्बर विद्रोह हुनुभन्दा ५ वर्षअघि नै उनको घरमा राजाका मान्छेले छापा मारे । क्रान्तिकारी साहित्य लेखेको आशङ्कामा उनलाई सन् १८२० मा निर्वासनमा पठाइयो । निर्वासनमा उनले अमर कृतिहरू रचे । उनका साथी पुशिन गुप्त समाजका सदस्य थिए । उनले नै अलेक्सान्दर प्रथमको निधनलाई 'केही गर्ने मौका यही हो' भनेर विद्रोहको झिल्को बालेका थिए । त्यसैले पुश्किन नै पुशिन त होइनन् भनी गुप्त प्रहरीहरूले महाकविलाई निगरानीमा राखिरहे । विद्रोहपछि राजाले सोध्दा पुश्किनले 'पिटर्सबर्गमा भएको भए आफू पनि विद्रोहमा लाग्ने थिएँ' भनेर सोझो उत्तर दिए । यसपछि उनका साथीहरू निर्वासनमा गए । उनी राजधानीमा एक्ला भए । उनको रेखदेख गर्ने व्यक्तिको अभावमा केही




वर्षमै यी 'रसियाका निधि' को निधन भयो ।

'जारविरुद्ध षड्यन्त्र' पुस्तकको पुछारमा क्रान्तिकारीहरू बसेको साइबेरियाली भूमिको वर्णन पाइन्छ । हातगोडा गरुङ्गा नेल र हत्कडी बाँधिएको भए पनि क्रान्तिकारीहरूले आफ्नो युवा उत्साह गुमाएका थिएनन् । बरु साइबेरियालाई नै नौलो जागरणको थलो बनाएका थिए । तीमध्ये केही क्रान्तिकारीहरूले आममाफी पाएर पनि बसोबासका लागि साइबेरिया नै रोजे । साथी सेर्गेइ मुराभ्योभलाई आफू बाँचे विद्रोहको इतिहास लेख्नेछु भनेर गोर्भाचेभ्स्कीले वचन दिएका थिए । त्यही वचन पूरा गर्दै उनले साइबेरियामा बाँकी जीवन बिताए । उनले आफूलाई क्रान्तिकारीहरू बसेको घर देखिने गरी डाँडामा आफ्नो लास गाड्न भनेका थिए । पाठकलाई त्यही डाँडामा उभ्याएर 'सदैव युवा रहने' क्रान्तिकारीहरूलाई सम्मान दिँदै पुस्तक टुङ्गिएको छ ।

**पठन अनुभव**

'जारविरुद्ध षड्यन्त्र' पढ्दै जाँदा हातमा लेन्स लिएर अनुसन्धानमा निमग्न वैज्ञानिकको छवि मनमा आउँछ । लेखक छिद्रान्वेषी छन् । उनी रिपोर्ताजको शैलीमा आफ्नो कथन अघि बढाउँछन् । लेखकमा इतिहासमात्र होइन साहित्य, मनोविज्ञान र दर्शनको गहिरो ज्ञान छ । किताबको बिचबिचमा पुश्किन, तोल्स्तोय, शेक्सपियर र दोस्तोएभ्स्कीहरू आइरहन्छन् । अनेक दस्तावेजहरूको प्रमाण राख्दै लेखक क्रान्तिकारीहरूको मानसिक अन्तरद्वन्द्व केलाउँछन् । उनी क्रान्तिकारी युवाहरूको जीवन दर्शनलाई रोचक शैलीमा पस्किन सफल छन् ।

महाकवि पुश्किनले भनेझैँ 'सत्य जारभन्दा शक्तिशाली हुन्छ' । डिसेम्बर विद्रोहलाई लुकाउन रूसी शासकहरूले जतिसुकै प्रयास गरे पनि सत्य बाहिर आयो । 'जारविरुद्ध षड्यन्त्र' सोही सत्यको दस्तावेज हो । यसमा क्रान्तिकारीहरूलाई तिनकै समयको नापोमा राखेर हेरिएको छ । कतिपय क्रान्तिकारीहरू धार्मिक प्रवृत्तिका थिए । यसले चन्द्रशेखर आजादजस्ता भारतका स्वतन्त्रता सङ्ग्रामीहरूको झल्को आउँछ । एउटा कविता लेखेकैमा सजाय भोग्नुपरेको देख्दा युगकवि सिद्धिचरण श्रेष्ठको सम्झना हुन्छ । कुलीन युवाहरूले आफ्नै वर्गमाथि प्रहार गरेको र शहीद बनेको देख्दा नेपाली इतिहासका प्रचण्ड गोरखा, नेपाल प्रजापरिषद् र गङ्गा-दशरथ-धर्म-शुक्रको स्मरण हुन्छ । साइबेरियामा क्रान्तिकारी चेलीहरूको समर्पण, सकस र सङ्घर्षबारे पढ्दा हाम्रा पौराणिक नारी पात्रहरू पनि फिक्का लाग्छन् । मिखाइल लुनिन कसैको मानसपटलबाट हत्तपत्त मेटिने क्रान्तिकारी होइनन । उनी हामीलाई देश, जनता र मानव जीवनबारे घोत्लिन बाध्य पार्छन् ।

इतिहासका पानाहरूमा उपल्लोवर्गका मानिसहरू तल्लोवर्गको सेवामा लागेका अनेक उदाहरण पढ्न पाइन्छ । रुढीवादीहरू यसलाई आफ्नै खुट्टामा बन्चरो हानेको भन्लान् । तर, आफूलाई मेटाइ उज्यालो दिनुमा नै मानव जीवनको गरिमा छ भनी महाकवि देवकोटालगायत संसारका धेरै विवेकीहरूले सिकाएका छन् । यस अर्थमा डिसेम्बरवादीहरूको भावना महान् थियो । तोल्सतोयले भने, "डिसेम्बरवादीहरू कुनै पनि समाजले अर्पित गर्न सक्ने सबैभन्दा उत्कृष्ट मानव थिए ।" उनीहरूको योगदानलाई उजिल्याउँदै उनले लेखे, "भूदास मोचन राजा अलेक्सान्दर द्वितीयले गरेका होइनन्, डिसेम्बरवादीहरूले भूदासप्रथा उन्मूलन गरेका हुन् । यसको लागि उनीहरूले आफूलाई नै बलिबेदीमा चढाए ।"

***समाप्त***

# 'रुसको डिसेम्बर विद्रोह' पुस्तकबारे अध्ययन गोष्ठी

ललितपुर, २९ वैशाख । विश्व सर्वहारा वर्गका महान् नेता कार्ल मार्क्सको २०६ औं जन्म दिवसको अवसरमा नेपाल मजदुर किसान पार्टी ललितपुर जिल्ला समितिको आयोजनामा अध्ययन गोष्ठी शनिबार सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य राजवीर डंगोलले मार्क्सवाद वैज्ञानिक विचारधारा भएको चर्चा गर्दै माक्सर्ववाद मानव जातिको कल्याणको सम्बन्धमा सबभन्दा नवीन विचारधारा भएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "मार्क्सवादको सार भनेको सर्वहारावर्गको हुकुम अर्थात् कामदारवर्गको नेतृत्वमा राज्य सत्ता सञ्चालन हुने व्यवस्था हो । समाजवादमा उत्पादनका मुख्य मुख्य साधन र सेवा राष्ट्रियकरण हुन्छ; सबै नागरिकलाई योग्यताअनुसारको काम र कामअनुसारको ज्यालाको बन्दोबस्त हुन्छ; शिक्षा-स्वास्थ्य नि:शुल्क हुन्छ; ज्येष्ठ नागरिकहरूको लागि आदर निकेतनको व्यवस्था हुन्छ, शोषणविरुद्धको हकको व्यवस्था हुन्छ ।"

कामदार जनताको भविष्य समाजवादी व्यवस्थामा मात्र सुनिश्चित हुने भएकोले नेमकिपा समाजवादी व्यवस्था स्थापनाको लागि सङ्घर्षरत रहेको उहाँले बताउनुभयो ।

नेमकिपाका वैकल्पिक केन्द्रीय सदस्य एन. महर्जनले संसारका सचेत मजदुर, किसान, बुद्धिजीवी, लेखक, कलाकारहरूले मार्क्स जयन्ती मनाइरहेको चर्चा गर्दै कार्ल मार्क्सले शोषित-पीडित जनतालाई मुक्तिको नयाँ बाटो देखाएको बताउनुभयो ।

नेमकिपा ललितपुरका नरेश महर्जनले मार्क्स आर्थिकरूपमा सम्पन्न परिवार भएर पनि शोषित कामदार जनताको मुक्तिको लागि जीवनभर लागिपरेको चर्चा गर्दै कार्ल मार्क्स र उहाँकी जीवनसाथी जेनी मार्क्सको जीवन सङ्घर्षबाट कार्यकर्ताहरूले शिक्षा लिनुपर्छ भन्नुभयो ।

राजवीर डंगोलको सभापतित्वमा भएको उक्त कार्यक्रममा महन्त महर्जन, सुवर्ण शाक्य, पूर्ण महर्जन र धर्म महर्जनलगायतले बोल्नुभएको थियो ।

अध्ययन गोष्ठीमा 'रुसको डिसेम्बर विद्रोह (जारविरुद्ध षड्यन्त्र)' पुस्तकबारे चर्चा गरिएको थियो ।



युरोपेली राष्ट्र स्वीडेनको माल्मो सहरमा गाजामा इजरायलद्वारा भइरहेको हमला र नरसंहार बन्द हुनुपर्ने माग गर्दै प्यालेस्टिन समर्थक प्रदर्शनकारीहरू विरोध प्रदर्शन गर्दै शनिबार, मे ११, २०२४ का दिन । प्रदर्शनकारीहरूले युरोभिजन गीत प्रतियोगिताको फाइनलअघि इजरायली प्रतियोगी इडेन गोलानको सहभागिताको समेत विरोध गर्दै उनलाई प्रतियोगिताबाट निष्कासन गर्नुपर्ने माग गरिरहेका छन् । *तस्बिर : मार्टिन मेइसनर/एपी*

# नेपाली भाषा र संस्कृतिको संरक्षण र संवर्द्धनमा जोड

भक्तपुर, २९ वैशाख । नेपाली भाषा, साहित्य एवं सामाजिक मूल्य मान्यताहरूमा अतिक्रमण भइरहेको भन्दै यसको संरक्षण र संवर्द्धनमा राज्यको ध्यान जानुपर्नेमा जोड दिइएको छ ।

काठमाडौँ स्कूल अफ लको भाषा संस्कृति समितिद्वारा शनिबार आयोजित भाषा, साहित्य, संस्कृति एवं सामाजिक मूल्य मान्यतामा आधारित गलत सङ्कथन तथा अतिक्रमण र यसको समाधान विषयक गोष्ठीका सहभागीहरूले त्यसमा जोड दिएका हुन् ।

सो गोष्ठीका सहभागीहरूले नेपाली भाषामा एकरूपता नभएको, नेपाली संस्कृति र परम्परामाथि आक्रमण भइरहेको तथा नेपाली मूल्य, मान्यताहरू पनि एकपछि अर्को गर्दै क्षय हुँदै गएको दृष्टान्त पेस गर्दै यसको निराकरण गरी नेपालीपनको प्रवर्द्धनको लागि राज्य गम्भीर हुनुपर्नेमा जोड दिए ।

भाषाविद् एवं वरिष्ठ पत्रकार शरच्चन्द्र वस्तीले नेपाली भाषामा विग्रह ल्याइएको, व्याकरणमा एकरुपता नभएकोले मानक खोज्न कहाँ जाने र कसलाई मान्ने भन्ने प्रश्न उब्जिएको बताउनुभयो । उहाँले भन्नुभयो, "नेपाली भाषालाई धेरैभन्दा धेरै फराकिलो र अझ धनी बनाउनुपर्नेमा झन् धेरै सङ्कुचित बनाइएको छ, वास्तवमा यतिखेर नेपाली भाषामाथि नै धेरै ठुलो अपराध गरिएको छ ।"

पूर्वमहान्यायाधिवक्ता एवं काठमाडौँ स्कूल अफ लका कार्यकारी निर्देशक प्रा.डा. युवराज सङ्ग्रौलाले योजनाबद्ध रूपमा नै नेपाली भाषा, कला, संस्कृति र परम्परामाथि हमला भइरहेको देखिएकोले यसको संरक्षणको लागि कलेजमा नै नेपाली भाषा संस्कृति समितिको निर्माण गरी विद्यार्थीहरूलाई यसमा लगाइएको जानकारी दिनुभयो । उहाँले यसैगरी देशभरिका कलेज पनि नेपाली भाषा र संस्कृतिको संरक्षणमा लाग्नुपर्ने सुझाव दिनुभयो ।

वरिष्ठ पत्रकार युवराज घिमिरेले नेपाली सामाजिक संरचनालाई नै ध्वस्त पार्ने काम भएको भन्दै यसका विरुद्धमा र नेपालीपनको संरक्षणार्थ मुलुकका विद्यार्थीवर्ग लाग्नुपर्नेमा जोड दिनुभयो ।

पूर्वसचिव एवं काठमाडौँ स्कूल अफ लका अध्यक्ष गोविन्द कुसुमले देशका मूल्य मान्यता र परम्पराहरूको संरक्षणमा राज्यले ध्यान नदिने हो भने यसले समाजमा विकृति र विसङ्गति ल्याउने धारणा राख्नुभयो ।

वरिष्ठ पत्रकारद्वय जीवराम भण्डारी र तीर्थ कोइरालाले नेपाली भाषा, संस्कृति र परम्पराको जगेर्ना गर्न पत्रकारिता क्षेत्रको ठुलो भूमिका रहने धारणा राख्दै पत्रकारिताको भाषामा पछिल्लो समय भाषिक एकताका लागि मानक हुन नसक्दा भद्रगोल हुँदै गएका उदाहरणहरू प्रस्तुत गर्नुभयो ।

राससका प्रधानसम्पादक एकराज पाठकले नेपालमा हाल व्याप्त रहेको नकारात्मकतालाई हटाई समुन्नत समाज निर्माण गर्न नैतिक शिक्षाको पुन:जागरण हुनु जरुरी रहेको बताउनुभयो ।

***पुँजीवादी...***

महानगरको प्रतिवेदनले औँल्याएको तथ्य लुकाएको भन्दै पीडित बचतकर्ताले लामिछानेसहित र १४ कम्पनीविरुद्ध २०८० माघ २२ गते जिल्ला प्रहरी कार्यालय कास्कीमा जाहेरी पनि दिए । बुटवलको सुप्रिम सहकारीबाट पनि लामिछानेले व्यक्तिगतरूपमा बिनाधितो, बिनाप्रक्रिया २ करोड र उनी प्रबन्ध निर्देशक रहेको गोर्खा मिडिया नेटवर्कमा १४ करोड सारेर हिनामिना गरिएको आरोप छ ।

शासक दलहरू भ्रष्टाचारमा भागबन्डा मिलेसम्म 'तैं चुप मै चुप' हुन्छन् । उनीहरू स्वार्थको निम्ति सिद्धान्तहीन गठबन्धन र सत्ता गठबन्धन गर्छन् । गत प्रतिनिधिसभाको निर्वाचनमा काठमाडौँ क्षेत्र नं ४ मा गगन थापालाई सघाउन रास्वपाले उम्मेदवारी नै दिएन । २०६० सालमा रविलाई पार्टीमा भित्र्याउन काङ्ग्रेसका गगन थापाले भरपुर कोसिस गरेको काङ्ग्रेसकै कार्यकर्ता बक्छन् । गगन थापाको तर्फबाट नेपाली काङ्ग्रेसको समानुपातिक सूचीमा प्रस्ताव गरेको १० जनाको नाममा रवि लामिछाने पनि रहेको समाचार छ । अहिले नेकाको आक्रोश एमालेलाई सत्ताबाट बाहिर ल्याएर आफू पुग्ने दाउ हो ।

२०८० फागुन २१ गतेदेखि दाहाल नेतृत्वको सरकारमा लामिछाने गृहमन्त्री छन् । तिनै लामिछानेलाई बहुविवाह, नागरिकता काण्ड, पासपोर्टमा राज्यलाई ढाँटेको र अहिले सहकारी ठगीको गम्भीर आरोप लाग्यो । लामिछाने नेतृत्वको रास्वपा आफ्नो पार्टी 'व्यवस्था परिवर्तन गर्न नभई व्यवस्थाभित्रको अवस्था परिवर्तन गर्न आएको' बताउँछ । यो व्यवस्था पुँजीवादी व्यवस्था हो । पुँजीवादी व्यवस्थामा भ्रष्टाचार छायाँजस्तै रहने गर्दछ । जबसम्म यो व्यवस्था रहन्छ भ्रष्टाचार पनि रहन्छ ।

१४ औँ पञ्चवर्षीय योजनामा सहकारीले छरिएर रहेको श्रम, सीप, प्रविधि र पुँजी एकत्रित गरी उत्पादन, उत्पादकत्व र रोजगारी वृद्धिबाट राष्ट्रिय अर्थतन्त्रमा योगदान दिने अपेक्षा राखियो । तर, शासक दलहरूको कर्तुत हेर्दा सिंहदरबार ठगहरूको घेरामा परेको प्रस्ट देखिन्छ । शासक दलहरूले नेपाली युवालाई स्वदेशमै बस्ने वातावरण तयार पार्ने विषयमा ध्यानै दिएनन् । सत्ता स्वार्थको लुछाचुँडीमा उनीहरूको दिनचर्या बित्दै छ । भ्रष्ट शासक दलहरूले पञ्चवर्षीय योजनाका यी अपेक्षा पूरा गर्ने छाँट देखिन्न ।

***चीनका..***

चीन युरोपबाहिर हङ्गेरीको सबैभन्दा ठुलो व्यापारिक साझेदार हो । हङ्गेरी चीनले मध्य पूर्वी क्षेत्रमा लगानी गरेको पहिलो गन्तव्य मुलुक र महत्त्वपूर्ण व्यापारिक साझेदार हो । हङ्गेरीका विदेश मन्त्री स्जिजार्टो पिटरले भन्नुभएझैँ हङ्गेरी र चीनको सहकार्यबाट चीनले युरोपेली मुलुकहरूका लागि ठुलो मौका उपलब्ध गराएको कुरा प्रमाणित गरिएको छ ।

दुई मुलुकको वक्तव्यअनुसार दुई पक्षले 'बेल्ट एन्ड रोड' को साझा निर्माण प्रस्ताव र हङ्गेरीको 'पूर्वतर्फ खुला हुने' रणनीतिलाई गहिरोरूपमा जोड्ने योजना अगाडि बढाउने छन् । हङ्गेरीका प्रधानमन्त्री ओर्बान भिक्टोरको विचारमा हङ्गेरीमा 'बेल्ट एन्ड रोड' को उपलब्धि समस्त युरोपसँग तुलना गर्न सकिँदैन । 'बेल्ट एन्ड रोड' ले हङ्गेरीका लागि हजारौँ रोजगारीका अवसर र आर्थिक समृद्धि विकास गरेको छ ।

# 'अनिद्रामाथि सहज विजय' कृति लोकार्पण

काठमाडौँ, २९ वैशाख (रासस) । लेखक निरन श्रेष्ठको 'अनिद्रामाथि सहज विजय' नामक कृति शनिबार लोकार्पण गरिएको छ ।

लेखक स्वयम्को अनिद्राको लामो अनुभव तथा मुक्तिमाथिको गहन अध्ययनमा आधारित कृतिमा अनिद्राका कारण बिताउन परेको शारीरिक र मानसिक कष्टपूर्ण जीवनको अनुभूति समावेश छ ।

हरिवन नगरपालिका प्रमुख रमेश बुढाथोकी (कमल), हरिवनस्थित चतुर्भुजेश्वर जनता माध्यमिक विद्यालयका पूर्वप्रधानाध्यापक कृष्णप्रसाद भट्टराई, पूर्वमहान्यायाधिवक्ता बद्रीबहादुर कार्की, वरिष्ठ पत्रकार ध्रुवहरि अधिकारी, पोखरा विश्वविद्यालयका पूर्वउपकुलपति खगेन्द्र भट्टराई, नेपाल सरकारका पूर्वसचिव दिनेशहरि अधिकारीलगायतले आयोजित कार्यक्रममा संयुक्तरूपमा पुस्तक लोकार्पण गर्नुभयो ।

साङ्ग्रिला टुरिजम एन्ड होटल ट्रेनिङ सेन्टर प्रकाशनद्वारा प्रकाशित कृतिमा अनिद्राबाट उत्पन्न गराएको निराशा, बेचैनी र पीडाबाट संसार नै त्याग्न पर्छ कि भन्ने सोचमा पुगिसकेका लेखकलाई औषधिभन्दा आत्मबलबाटै निदाउन बल प्रदान गरेका घटना र विषयवस्तु सन्देशका रूपमा समेटिएको छ ।

'एकरातको निद्राले सात रात पिर्छ' भन्ने भनाइ रही आएकोमा लेखकको आहार र बिहार ठीकठाक रहँदा पनि अचानक वर्षौंसम्म अनिद्राबाट गुज्रनुपरेको घटना र परिवेश पुस्तकमा सटिक र बुँदागतरूपमा राखिएको छ । अनिद्रा मेटाउने क्रममा चिकित्सकबाटै सिफारिस गरिएका औषधिले समस्या निदानको साटो घातक भएको उल्लेख छ ।

त्यस अवसरमा नगर प्रमुख बुढाथोकीले चिकित्सकले सिफारिस गरेको भन्दैमा जस्तोसुकै औषधिको प्रयोग गर्नुभन्दा एउटा सचेत मानिसको आत्मबल र हिम्मतले कतिपय रोग निको गर्न सकिन्छ भन्ने उदाहरण पुस्तकमा रहेको बताउनुभयो । उहाँले हरिवन नगरपालिका जनस्वास्थ्य नीति तर्जुमा गर्ने अभियानमा जुटेकाले विभिन्न सल्लाह र सुझाव दिई सहयोग पुर्‍याउन नगरवासीलाई आह्वान गर्नुभयो ।

पूर्वउपकुलपति भट्टराईले राजनीतिक दलहरू सत्ताको लडाइँमा रहेकोले जनस्वास्थ्यमा ध्यान नदिँदा जनताले कतिपय गुणस्तरहीन औषधिसमेत खान बाध्य रहेको बताउनुभयो । पूर्वप्रधानाध्यापक भट्टराईले पछिल्लो समय राजनीतिक नेतृत्वदेखि समाजका सबै तह र तप्काका मानिस लिनमात्रै आएजस्तो भान भएकाले देशप्रतिको जिम्मेवारी, कर्तव्य र लगाव कमजोर हुँदै गएको धारणा राख्नुभयो ।

पूर्वमहान्यायाधिवक्ता कार्कीले अनिद्राको विषयमा लेखकले सावित्ति प्रमाणसहितका विषयवस्तु समेटिएको कृतिमा एउटा स्वस्थ्य मानिसका लागि आहार, बिहार र निद्रा उत्तिकै महत्त्वपूर्ण हुन्छ भन्ने सुझाव दिइएको बताउनुभयो । वरिष्ठ पत्रकार अधिकारीले निद्राको विषयलाई केन्द्रमा राखेर अनुभवका आधारमा लेखिएको सानो आकारको पुस्तकमा पढेर नभई परेर जानेका व्यवहारिक स्वास्थ्यसम्बन्धी ठुला सन्देश समेटिएको बताउनुभयो ।

पूर्वसचिव अधिकारीले मुलुकको स्वास्थ्य क्षेत्रमा देखिएका विकृतिप्रति औंला ठड्याउँदै यस क्षेत्रमा सेवाभाव हुनुपर्छ भन्ने सन्देश कृतिमा रहेको विचार व्यक्त गर्नुभयो ।

समाजसेवी संगीता श्रेष्ठ, लेखक श्रेष्ठ र हरिवन-काठमाडौँ सम्पर्क समाजका पूर्वअध्यक्ष खेमप्रसाद बराललगायतले अनिन्द्रालगायतका समस्याबाट मुक्ति पाउन औषधि उपचारका साथै मनोबल उच्च पार्न आवश्यक रहेको धारणा व्यक्त गर्नुभयो । कृतिमा अस्पताल र डाक्टरको कुचक्र, मेडिकल क्षेत्र र अनिद्राको उपचार, निद्राका गोलीको केही तथ्य, दिमागका नकारात्मक पक्ष, किन अनिद्राले सताउँछ ? पीडितबाट अन्जानमा हुने केही गल्ती, समाधानका सूत्र, केही बाह्य उपायलगायतका शीर्षकमा लेखकले आफना भोगाइ प्रस्तुत गर्नुभएको छ ।

# सौर्य आँधी पृथ्वीसँग ठोक्कियो, सम्पूर्ण उत्तरी गोलार्द्धमा रङ्गीन प्रकाश देखियो

केप क्यानभरल (अमेरिका), २९ वैशाख (रासस/एपी) । पृथ्वीसँग ठोक्किएको असामान्यरूपमा बलियो सौर्य आँधीले शनिबार बिहानै उत्तरी गोलार्द्धको आकाशमा रङको आश्चर्यजनक प्रदर्शन गर्‍यो । यसबाट बिजुली र सञ्चारमा व्यवधानको तत्काल कुनै रिपोर्ट प्राप्त भएको छैन ।

शुक्रबार दिउँसो सौर्य विस्फोट अनुमानभन्दा केही घण्टाअघि पृथ्वीमा आइपुगेपछि अमेरिकी राष्ट्रिय सामुद्रिक तथा वायुमण्डलीय प्रशासन (एनओएए) ले दुर्लभ गम्भीर भू-चुम्बकीय आँधीको चेतावनी दियो । बेलायतमा प्रमुखरूपमा प्रदर्शन भएको उत्तरी रोशनीहरूको प्रभाव सप्ताहन्तसम्म र सम्भवत: आगामी सातासम्म रहनेछ ।

बेलायतमा धेरैले शनिबार बिहानै सामाजिक सञ्जालमा रोशनीको फोन स्न्याप साझा गरेका छन् । यो घटना दक्षिणमा लन्डन र दक्षिणी इङ्गल्यान्डसम्म देखिएको छ ।

बेलायतको मौसम एजेन्सी मेट कार्यालयका मौसमविद् क्रिस स्नेलले भन्नुभयो, "मुलुकभर माथिदेखि तलसम्म दृश्यहरू थिए ।" उहाँले कार्यालयले प्राग र बार्सिलोनालगायत अन्य युरोपेली स्थानबाट पनि फोटो र जानकारी प्राप्त गरेको बताउनुभयो ।

एनओएएले पावर प्लान्ट र कक्षमा अन्तरिक्ष यानका सञ्चालकहरूका साथै सङ्घीय आपत्कालीन व्यवस्थापन एजेन्सीलाई पनि सावधानी अपनाउन सचेत गराएको छ । एनओएएका स्पेस वेदर प्रेडिक्सन सेन्टरका वैज्ञानिक रब स्टिनबर्गले भन्नुभयो, "पृथ्वी ग्रहमा अधिकांश मानिसका लागि उनीहरूले केही गर्नुपर्दैन ।"

एनओएएले आँधीले अमेरिकाको सुदूर दक्षिणमा अलाबामा र उत्तरी क्यालिफोर्नियासम्म रोशनी उत्पन्न गर्न सक्ने बताएको छ । तर, यसको भविष्यवाणी गर्न कठिन थियो । सामान्यतया उत्तरी रोशनीहरूसँग सम्बन्धित रङको नाटकीय पर्दा नहुने तर अधिक हरियो रङको छर्राजस्तै हुने विश्लेषकहरूले बताएका छन् ।

"यो वास्तवमा अन्तरिक्ष मौसमको उपहार हो : अरोरा", स्टिनबर्गले भन्नुभयो । उहाँ र उहाँका सहयोगीहरूले सबैभन्दा राम्रो अरोरा दृश्य नग्न आँखाको तुलनामा प्रकाशलाई क्याप्चर गर्न राम्रो हुने फोन क्यामेरामा आउन सक्ने बताउनुभयो ।

रेकर्ड गरिएको इतिहासमा सबैभन्दा तीव्र सौर्य आँधी सन् १८५९ मा मध्य अमेरिका र सम्भवत: हवाईमा आएको थियो ।

प्रकाशक तथा कार्यकारी सम्पादक : उद्धव सुजखु★सम्पादक : विष्णुगोपाल कुसी★कार्यालय : कमलविनायक, भक्तपुर★फोन नं. ६६१०९२१, विज्ञापन शाखा - ६६१९१०७/६६२०५५९ फ्याक्स : ६६१३२०७★E-mail: majdurdaily@gmail.com★मुद्रक : सिद्धिगणेश अफसेट प्रेस, चोर्चा